सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ असोज २०८०, शनिबार (23 Sep 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

राष्ट्रसंघ महासभामा प्रधानमन्त्रीको सम्बोधन

संक्रमणकालीन न्याय प्रक्रिया अन्तिम चरणमा, समर्थनका लागि अन्तर्राष्ट्रिय समुदायलाई आह्वान





हामी हाम्रो अद्वितीय, राष्ट्रिय स्वामित्वको, मौलिक शान्ति प्रक्रिया टुंग्याउने निकट अवस्थामा छौं । संक्रमणकालीन न्यायको बाँकी काम पूरा गर्नु मेरो मुख्य राजनीतिक एजेन्डा हो । प्रधानमन्त्री तथा बृहत् शान्ति सम्झौताको हस्ताक्षरकर्ताको हैसियतमा मैले प्रमुख सरोकारवालाबीच फरक मत हटाउन र सहमति निर्माण गर्न गम्भीर प्रयास गरिरहेको छु ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन नेपाल सरकारका तर्फबाट अन्तिम प्रयत्न भइरहेको र त्योसँगै शान्ति प्रक्रिया टुंगिने बताएका छन् । संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रलाई बिहीबार राति न्युयोर्कमा सम्बोधन गर्दै गम्भीर अपराधमा संलग्नलाई आममाफी नदिने गरी शान्ति प्रक्रिया टुंग्याउन लागेको बताउँदै उनले नेपाल सरकारको प्रयासलाई समर्थन गर्न अन्तर्राष्ट्रिय समुदायलाई पनि आह्वान गरेका छन् ।

'हामी हाम्रो अद्वितीय, राष्ट्रिय स्वामित्वको, मौलिक शान्ति प्रक्रिया टुंग्याउने निकट अवस्थामा छौं । संक्रमणकालीन न्यायको बाँकी काम पूरा गर्नु मेरो मुख्य राजनीतिक एजेन्डा हो,' प्रधानमन्त्रीले भने, 'प्रधानमन्त्री तथा बृहत् शान्ति सम्झौताको हस्ताक्षरकर्ताको हैसियतमा मैले प्रमुख सरोकारवालाबीच फरक मत हटाउन र सहमति निर्माण गर्न गम्भीर प्रयास गरिरहेको छु ।'

प्रधानमन्त्रीले पीडितका सरोकारलाई सम्बोधन गर्न, शान्ति, न्याय र परिपूरणबीचको सही सन्तुलन कायम गर्न र संक्रमणकालीन न्याय प्रक्रियालाई समाजको स्वामित्वमा राख्न संसद्मा संक्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक पेस गरिएको पनि बताएका छन् । विधेयकलाई पीडितकेन्द्रित दृष्टिकोणका आधारमा र पीडितको अधिकारका रूपमा परिपूरणलाई मान्यता दिँदै व्यापक परामर्शका आधारमा टुंगो लगाउने प्रधानमन्त्रीको धारणा छ ।

'विधेयकमा मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा कुनै पनि माफी हुनेछैन । शान्ति, न्याय र मेलमिलापको माध्यमबाट देशमा दिगो शान्ति स्थापना गर्नु र समाजमा सद्भाव कायम गर्ने हाम्रो उद्देश्य हो,' प्रधानमन्त्रीले भने, 'म अन्तर्राष्ट्रिय समुदायलाई हाम्रो शान्ति प्रक्रियाको अन्तिम चरणको निष्कर्षमा सद्भाव र समर्थनका लागि र सफल द्वन्द्व रूपान्तरणको यो दुर्लभ उदाहरणलाई उचित रूपमा

» पृष्ठ २ मा क्रमशः

प्रधानमन्त्री चीन भ्रमणमा

आज चिनियाँ राष्ट्रपतिसँग वार्ता

८ असोजमा बेइजिङमा द्विपक्षीय वार्ता, दुई सम्झौताको तयारी, बिआरआई टुंगिएन

नयाँ पत्रिका

राष्ट्रसंघीय महासभामा सहभागी हुन अमेरिका गएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड औपचारिक भ्रमणका क्रममा न्युयोर्कबाट चीन प्रस्थान गरेका छन् । उनी शनिबार बिहान चीनको हाङझाउ पुगेर अपराह्न चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्ने कार्यतालिका छ ।

चिनियाँ समयअनुसार अपराह्न ५ बजे प्रधानमन्त्री प्रचण्ड र चिनियाँ राष्ट्रपति सीबीच भेटवार्ता तय भएको छ । कूटनीतिक स्रोतका अनुसार उनीहरूबीच दुई चरणमा गरी ५० मिनेट कुराकानी हुनेछ । त्यसअघि राष्ट्रपति सीले खेलको उद्घाटन समारोहमा सहभागी विभिन्न देशका उच्चस्तरीय प्रतिनिधिमण्डलको सम्मानमा आयोजित दिवाभोजमा पनि प्रधानमन्त्री प्रचण्ड सहभागी हुनेछन् ।

प्रधानमन्त्री प्रचण्ड र राष्ट्रपति सीसँगको भेटमा परराष्ट्रमन्त्री एनपी साउद, परराष्ट्रसचिव भरतराज पौड्याल, चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ,

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शिक्षकका मागमा के भयो सहमति ?

विधेयकका केही प्रावधानप्रति असन्तुष्टि जनाउँदै देशभरका शिक्षक आन्दोलनमा उत्रिएपछि सरकार विद्यालय शिक्षासम्बन्धी विधेयक संशोधन गर्न तयार, आइतबारदेखि नियमित पठनपाठन

शिक्षकको सेवा प्रवेशको अधिकतम अवधि ४० वर्ष कायम गर्ने सहमति

शिवहरि घिमिरे/नयाँ पत्रिका

संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० संशोधन गर्न सरकार तयार भएको छ । विधेयकका केही प्रावधानमा असन्तुष्टि जनाउँदै आन्दोलनरत शिक्षक र सरकारबीच शुक्रबार विधेयक संशोधन गरी ऐन बनाउने सहमति बनेको छ ।

'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका देहायका व्यवस्थामा संसद्को सार्वभौमिकतालाई सम्मान गर्दै संसदीय प्रणाली, अभ्यास र संघीय संसद् सञ्चालनसम्बन्धी मौजुदा विधिबमोजिम प्रक्रिया अगाडि बढाउन सहजीकरण गर्ने,' सरकार र नेपाल शिक्षक महासंघबीच शुक्रबार भएको सहमतिको दोस्रो बुँदामा छ । सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गत २७ भदौमा प्रतिनिधिसभामा दर्ता गरेको थियो ।

सबै तहको सरुवा र मूल्यांकन पालिकाले गर्ने विधेयकको प्रावधान सच्याउन मध्यमार्गी विकल्प खोजिएको छ । सहमतिको बुँदा २ (घ)मा 'शिक्षक तथा कर्मचारीसम्बन्धी कारबाही र सजायसम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्ने' उल्लेख छ । यसैगरी २ (च)मा 'सम्बन्धित स्थानीय तहभित्र शिक्षक तथा प्रधानाध्यापकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने' भनिएको छ ।

» पृष्ठ २ मा क्रमशः



■ शिक्षकका माग र सहमति

१ लामो समयदेखि राहत, साबिक उमावि, अस्थायी/करार, शिक्षण सिकाइ अनुदान, विशेष शिक्षा र प्राविधिक धारलगायतका अस्थायी शिक्षकलाई आन्तरिक परीक्षामार्फत स्थायी गर्नुपर्ने ।

● **सहमति** : साबिक उच्च माध्यमिक विद्यालयमा स्वीकृत दरबन्दी र अनुदान कोटामा कार्यरत शिक्षक, विशेष शिक्षक, छुट अस्थायी करार, प्राविधिक धार र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको सीमित प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई एकपटकका लागि आन्तरिकतर्फ ७५ प्रतिशत कायम गर्ने ।

२ ०६० र ६३ मा स्थायी भएका धेरै शिक्षकको एक श्रेणी पनि बढुवा नभएकाले ती शिक्षकलाई न्याय दिन आवधिक बढुवा व्यवस्था गर्नुपर्ने । विशिष्ट श्रेणीमा बढुवा हुन पाँच वर्षको अवधि कायम गर्नुपर्छ ।

● **सहमति** : शिक्षकको १०-१० वर्षमा आवधिक बढुवा हुने व्यवस्था गर्ने । माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवा हुन न्यूनतम पाँच वर्ष सेवा कायम गर्ने ।

३ द्वन्द्व र राजनीतिपीडित शिक्षकको सेवाअवधि जोडेर उपदान वा पेन्सन दिने व्यवस्था गर्नुपर्छ ।

● **सहमति** : विस्थापित भएको मितिबाट पुनर्बहालीसम्म वा निवृत्त भएको वा सेवाबाट राजीनामा दिएको अवधिसम्म टुटेको सेवा अवधि निवृत्तिभरण वा उपदान वा अन्य सुविधा प्रयोजनका लागि गणना गर्ने ।

४ शिक्षक कर्मचारीमाथि विभागीय कारबाही स्थानीय तहमा नभई ग्रेड वृद्धि र बढुवा रोक्काको अधिकार जिल्ला शिक्षा अधिकारीमा र सेवाबाट बर्खास्त गर्ने अधिकार शिक्षक सेवा आयोगको परामर्शमा प्रदेश निर्देशनालयको प्रमुखमा राखिने व्यवस्था गर्नुपर्छ ।

● **सहमति** : शिक्षक तथा कर्मचारीसम्बन्धी विभागीय कारबाही र सजायसम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्ने ।

५ लामो समय अस्थायी सेवा गरी स्थायी भएका शिक्षकको हकमा अस्थायी अवधिसमेत गणना गरी पेन्सन व्यवस्था गर्नुपर्ने ।

● **सहमति** : शिक्षकको निवृत्तिभरण प्रयोजनका लागि अपुग हुने अवधि निजको अस्थायी सेवा अवधिबाट गणना गर्ने ।

६ शिक्षकको तलबभत्ता र ग्रेड समान तहका निजामती सेवाका कर्मचारीभन्दा कम नहुने व्यवस्था गर्नुपर्छ ।

● **सहमति** : योगदानमा आधारित निवृत्तिभरण प्रारम्भ हुने मिति निजामती कर्मचारीलाई भएसरह व्यवस्था गर्ने ।

» पृष्ठ २ मा क्रमशः

■ राहत कोटाका शिक्षकहरूको आपत्ति

सरकारसँगको वार्तामा राहत कोटामा रहेका शिक्षकहरूले शतप्रतिशत स्थायी हुनुपर्छ भन्ने माग राखेका थिए । तर, छलफलबाट ७५ प्रतिशत राहत शिक्षकलाई स्थायी गर्ने र अन्य २५ प्रतिशत खुलाबाट भर्ना गर्ने सहमति बनेको छ । यसमा राहत शिक्षकहरूले असन्तुष्टि जनाएका छन् । '... चार लाख शिक्षक कर्मचारीमाथिको भद्दा मजाक, धोका, अपमान, आमशिक्षक, कर्मचारीलाई गुमराहमा राख्ने र झारा टार्ने गरी सार्वजनिक भएको सहमति घोर आपत्तिजनक रहेको हाम्रो ठहर रहेकाले चालू सडक आन्दोलन यथावत् राख्दै देशभरका सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारीलाई सशक्त सडक आन्दोलनमा सरिक हुन आह्वान गर्दछौं,' नेपाल राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारी र महासचिव कुमार बजगाईंले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । हाल देशभर कक्षा १ देखि १२ सम्म ३९ हजार राहत शिक्षक छन् ।

राहत शिक्षकलाई ७५% सिट छुट्याउनु महत्त्वपूर्ण हो


● **लक्ष्मीकिशोर सुवेदी,**
महासचिव, नेपाल शिक्षक महासंघ



७५ प्रतिशत सिट राहत शिक्षकका लागि छुट्याउने सहमति भएको छ । यो निकै महत्त्वपूर्ण हो । अन्य कर्मचारीसरह पेन्सन दिनेबारेमा पनि सम्झौता भयो । स्थानीय तहलाई अन्य अधिकार दिए पनि बर्खास्त तथा कारबाही गर्न दिनुहुन्न भन्नेमा हामीले सहमति गर्‍यौं । अर्को कुरा सरुवा-बढुवा पनि वैज्ञानिक तरिकाले गर्ने सहमति भएको छ । तर, केहीले दश वर्षमा बढुवा गर्ने व्यवस्थाबारे असहमति जनाएका छन् । यो असहमतिले केही गर्दैन ।

जयेन्दु बाल सुधारगृहमा झडप

एकको मृत्यु, १० जना घाइते



बाल सुधारगृहको छतबाट प्रहरीविरुद्ध नाराबाजी गर्दै बाल कैदीबन्दी

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको डुडुवा गाउँपालिका- ६ मा रहेको जयेन्दु बाल सुधारगृहमा झडप हुँदा एकजनाको मृत्यु भएको छ । घाइते १० जनाको नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

बिहीबार राति साढे १० देखि बिहान २ बजेसम्म बन्दी-थुनुवाबीच भएको झडपमा रूपन्देहीको कञ्चन गाउँपालिका- ४, रुद्रपुरका २१ वर्षीय सुलभ केसीको मृत्यु भएको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए । उनका अनुसार मृतक केसी अपहरण, शरीर बन्धक र

» पृष्ठ २ मा क्रमशः

■ चारित्रिक प्रमाणपत्रमा प्रहरी लचिलो

वर्ष दिनभन्दा कम सजाय पाएकाको हकमा अब कसुर उल्लेख नहुने

टेकराज थामी/नयाँ पत्रिका

फौजदारी अभियोगमा एक वर्षभन्दा कम सजाय पाएको प्रतिवादीले पनि अब सामान्य नागरिकसरह चारित्रिक प्रमाणपत्र प्राप्त गर्न सक्ने भएका छन् । यसअघि त्यस्ता प्रतिवादीले लिएको चारित्रिक प्रमाणपत्रमा अनिवार्य रूपमा कसुर उल्लेख गरिने व्यवस्था थियो । अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका ०८० जारी

» पृष्ठ २ मा क्रमशः



झन् नयाँ

ज्ञवाली दाजुभाइको राजनीतिक यात्रा

पार्टीमा दुईतिर, भूगोलमा तीनतिर



युवराज ज्ञवाली | रामकुमार ज्ञवाली | लक्ष्मण ज्ञवाली

सम्बन्ध | प्रेम गौतम

जब पत्रकारिता नै साम्प्रदायिकताको अस्त्र बन्छ तब विरोध कसरी गर्ने ?

पत्रकारिता | रविश कुमार

स्मृतिमा प्रिय मित्र **भैरव अर्याल**



सन्दर्भ : भैरव अर्याल जन्मजयन्ती | भैरव रिसाल

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक्सरे मेसिन बिग्रिँदा निर्यात रोकियो

एउटा एक्सरे बिग्रिएको डेढ महिनासम्म मर्मत गरिएन, अर्को एक्सरे पनि शुक्रबार बिग्रिएपछि रोकियो निर्यात



● **प्रेमराज भण्डारी**, महाप्रबन्धक, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी

एउटा एक्सरे मेसिन एक-डेढ महिनादेखि बिग्रिएर बसेको छ, अर्को शुक्रबार साँझ ६ बजेतिर बिग्रिएछ । प्राविधिकहरूले शनिबार नै मर्मत गरिदिने बताएका छन्, आज साँझ बिग्रिएकाले धेरै सामान अड्किएका छैनन् ।

कृष्ण रिजाल/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निकासीतर्फको गोदाममा रहेको एक्सरे मेसिन बिग्रिँदा निर्यात रोकिएको छ । विमानस्थलमा रहेका दुई एक्सरेमध्ये एउटा दुई महिनाअघि नै बिग्रिए पनि मर्मत गरिएको थिएन । सञ्चालनमा रहेको अर्को मेसिन पनि शुक्रबार बिग्रिएपछि भन्सार जाँचपास र निर्यात रोकिएको हो ।

निर्यात हुने सामग्रीको एक्सरे नभई भन्सार जाँचपास हुँदैन । भन्सार जाँचपास नभई निर्यात हुँदैन । एक्सरे मेसिन नै बिग्रिएपछि निर्यातका सम्पूर्ण प्रक्रिया नै रोकिन पुगेको हो ।

शुक्रबार निर्यात हुने करिब एक लाख डलरबराबरका १० टन सामग्री रोकिन पुगेको नेपाल फ्रेट फरवार्डर्स् एसोसिएसनका वरिष्ठ उपाध्यक्ष राजेन्द्र संग्रौलाले जानकारी दिए । 'एक्सरे

» पृष्ठ २ मा क्रमशः



एक्सरे हुन नसकेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अड्किएका युरोप, अमेरिका र जापान निर्यातका लागि पुऱ्याइएका वस्तुहरू

वर्ष दिनभन्दा...

पृष्ठ १ बाट क्रमशः

भएपछि यस्तो व्यवस्था कार्यान्वयनमा आएको हो। गृह मन्त्रालयले निर्देशिका कार्यान्वयनमा ल्याएको छ। निर्देशिकाअनुसार भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री-वितरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिकपतन देखिने फौजदारी कसुरको हकमा भने यो नियम लागू हुनेछैन। निर्देशिकाको नियम ९ को उपनियम 'ज'मा भनिएको छ, 'अदालत वा कुनै अर्धन्यायिक निकायबाट सुरु कारबाही र किनारा हुने फौजदारी मुद्दामा एक वर्ष वा सोभन्दा कम सजाय भई सजाय भुक्तान भएको हकमा कसुर उल्लेख नगरी प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराइनेछ। तर, सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को उपदफा ३ अनुसारको कसुरको हकमा भने सजाय भुक्तान भएको हुनुपर्नेछ।'

नबिल बैंक लिमिटेड, विराटनगर रंगेली रोड शाखा, मोरङ तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/०७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

मान कृष्ण श्रेष्ठको नाति, छत्र बहादुर श्रेष्ठको छोरा, मोरङ जिल्ला, विराटनगर गाउँ पञ्चायत वडा नं. १७ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ३५६ (जारी मितिः २०३३/०५/१७, स्थान मोरङ) भएका **श्री अमृत कुमार श्रेष्ठ।**

ऋणीको व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. गोविन्द प्रसाद नकर्मीकी छोरी, छत्र बहादुर श्रेष्ठकी बुहारी, अमृत कुमार श्रेष्ठकी श्रीमती, मोरङ जिल्ला विराटनगर नगर पञ्चायत वडा नं. २२ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. १७३३ (जारी मितिः २०४६/०३/१९, स्थान मोरङ) भएकी **श्रीमती विष्णु देवी श्रेष्ठ।**

२. छत्र बहादुर श्रेष्ठको नाति, अमृत कुमार श्रेष्ठको छोरा, मोरङ जिल्ला, विराटनगर गाउँ पञ्चायत वडा नं. १६ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. २५३५१ (जारी मितिः २०५२/११/२८, स्थान मोरङ) भएका **श्री विकास श्रेष्ठ।**

३. छत्र बहादुर श्रेष्ठको नाति, अमृत कुमार श्रेष्ठको छोरा, मोरङ जिल्ला, विराटनगर गाउँ पञ्चायत वडा नं. १६ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ४९३६ (जारी मितिः २०६२/०१/१४, स्थान मोरङ) भएका **श्री अभिषेक श्रेष्ठ।**

४. छत्र बहादुर श्रेष्ठको नाति, अमृत कुमार श्रेष्ठको छोरा, मोरङ जिल्ला, विराटनगर गाउँ पञ्चायत वडा नं. १६ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ५४९३५ (जारी मितिः २०६२/०१/१४, स्थान मोरङ) भएका **श्री उज्वल श्रेष्ठ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

मोरङ जिल्ला, विराटनगर नगर पञ्चायत वडा नं. २२ स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १३ बस्ने, **श्रीमती विष्णु देवी श्रेष्ठको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ११ सिट नं. ११क मा अवस्थित कि. नं. २७३४ र २७३६ क्षेत्रफल ०-०-१३-० र ०-०-५-० बिगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, सुर्खेत शाखा, सुर्खेतको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/०७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा, मिति २०६०/०८/१६ मा प्रा.फ.र.नं. १२९४५/०६०/०६१ अन्तर्गत दर्ता भएको **श्री कंडेल स्टोर्स।**
ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं. १४, सुर्खेत।

ऋणी फर्मका प्रोप्राइटर :

डिल्ली राम भण्डारीकी छोरी, गंगा प्रसाद कँडेलकी बुहारी, दुर्गा प्रसाद कँडेलकी श्रीमती, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ बस्ने, नागरिकता नं. ६८७/२९०४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सुर्खेत मितिः वि.सं. २०४४/१०/२९ भएकी **श्रीमती तुल्सा कुमारी भण्डारी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

प्रजापति कँडेलको नाति, गंगा प्रसाद कँडेलको छोरा, सुर्खेत जिल्ला, कन्याण गा.वि.स. वडा नं. ७ बस्ने, नागरिकता नं. २२४/९४६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सुर्खेत, मितिः वि.सं. २०४४/१२/२२ भएको **श्री दुर्गा प्रसाद कँडेल।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ बस्ने, **श्रीमती तुल्सा कुमारी भण्डारीको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुर्खेत जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ सिट नं. ०३५०९६८ मा अवस्थित कि.नं. ३६९ क्षेत्रफल १०२६.३७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

शिक्षकका मागमा...

पृष्ठ १ बाट क्रमशः

सहमति भएसँगै शिक्षकहरूले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएका छन्। 'नेपाल शिक्षक महासंघद्वारा गरिएका काठमाडौंकेन्द्रित सबै किसिमका कार्यक्रम आजको मितिबाट अन्त्य गर्ने र सार्वजनिकलगायत सबै किसिमका विद्यालयमा अध्ययन-अध्यापनलाई नियमित पठनपाठन सञ्चालन गर्ने,' सहमतिको छैटौं बुँदामा छ।

वार्तामा सरकारका तर्फबाट उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, नेपाल शिक्षक महासंघ, राजनीतिक दलनिकट शिक्षक संघसंगठन र स्वतन्त्र शिक्षक प्रतिनिधि सहभागी थिए। माग सम्बोधन गर्न सरकार तत्पर देखिएपछि शिक्षकसँग सम्बन्धित प्रतिनिधिलेसहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

गृह मन्त्रालयमा करिब चार घन्टा बसेको वार्तामा शिक्षकको चित्त बुझाउने गरी सरकारी पक्षले सहमति गरेको शिक्षा मन्त्रालयका प्रवक्ता शिवप्रसाद सापकोटाले बताए।

के थिए माग...

पृष्ठ १ बाट क्रमशः

७ प्रावि र निमावि द्वितीयमा भर्ना भई माथिल्लो श्रेणीमा बढुवा भएका स्थायी शिक्षकलाई समान स्तरको पदमा समायोजन गर्ने व्यवस्था गर्नुपर्छ।

● **सहमति** : विगतमा निम्न माध्यमिक द्वितीय तथा प्राथमिक द्वितीय श्रेणी पदमा खुला प्रतिस्पर्धाबाट नियुक्त भएका शिक्षकको पद समायोजन गर्ने।

८ दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई दुर्गम भत्ता दिने व्यस्था गर्नुपर्छ।

● **सहमति** : विद्यालय शिक्षक तथा कर्मचारीले पाउने दुर्गम भत्ता, महँगी भत्ता तथा ग्रेड वृद्धि तथा समायोजनलगायतका सुविधा समावेश गर्ने।

९ देशभरि विद्यालय व्यवस्थापन समिति गठनमा एकरूपता कायम गर्न अभिभावकको बाहुल्य हुने गरी समितिको संरचना तोकिनुपर्ने।

● **सहमति** : सार्वजनिक विद्यालयको व्यवस्थापन समितिमा अभिभावकको बाहुल्य हुने गरी संख्या निर्धारण गरी संरचना तोक्ने

१० शिक्षकको तलबभत्ता र सेवा-सुविधा सबै संघको जिम्मामा भएपछि शिक्षकको दरबन्दी पनि संघअन्तर्गत रहनुपर्ने, स्थानीय तहमा हस्तान्तरण गर्न नहुने।

● **सहमति** : सम्बन्धित स्थानीय तहभित्र शिक्षक तथा प्रधानाध्यापकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने।

११ संस्थागत विद्यालयका शिक्षकको तलबभत्ता सामुदायिक विद्यालयका तलबसरह हुनुपर्ने, सामाजिक सुरक्षा कोषको प्रबन्ध गरिनुपर्ने।

● **सहमति** : न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा कोषमा आबद्धतालगायतका सुविधा र सरकारी निकायमा अभिलेख व्यवस्थापन गर्ने।

१२ संविधानको धारा ४३ (३) ले व्यवस्था गरेअनुसार ट्रेड युनियन अधिकार दिनुपर्ने।

● **सहमति** : संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका विषयमा संयन्त्र बनाउने र संयन्त्रमा शिक्षक तथा कर्मचारीको पेसागत संस्थाको प्रतिनिधित्व गराउने।

१३ शिक्षकलाई पहिलेदेखि नै दिइँदै आएको खर्चको रकम कटौती नगर्ने सुनिश्चित गर्नुपर्छ।

● **सहमति** : शिक्षकले शिक्षा नियमावली, २०५९ बमोजिम पाइरहेको उपचार खर्चको व्यवस्थालाई समावेश गर्ने।

१४ शिक्षकको सरुवाको सबै अधिकार र कार्यसम्पादनको मुख्य भूमिका पालिकालाई दिनु नहुने।

● **सहमति** : सम्बन्धित स्थानीय तहभित्र शिक्षक तथा प्रधानाध्यापकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने। कार्यसम्पादन मूल्यांकन गर्दा शिक्षकको हकमा प्रधानाध्यापकको संयोजकत्वमा र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने।

१५ शिक्षकको रजिस्ट्रेसन, तालिम तथा पेसागत विकासलगायतका काम गर्न शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्छ।

● **सहमति** : स्पष्ट छैन

१६ निश्चित सेवाअवधि पुगेका शिक्षकहरूबाट शिक्षक सेवा आयोगमार्फत परीक्षा लिई प्रअ नियुक्ति गर्नुपर्छ।

● **सहमति** : स्पष्ट छैन

१७ विगतको सहमतिअनुसार संघीय सरकारले विद्यालयमा कर्मचारीको सिर्जना गरी सबै कर्मचारीलाई स्थायित्वको प्रक्रियामा लैजान प्रबन्ध गर्नुपर्ने।

● **सहमति** : स्पष्ट छैन

१८ प्रारम्भिक बालकक्षाका शिक्षकका लागि प्राथमिक तृतीयसरहको दरबन्दी सिर्जना गरी स्थायी प्रक्रियामा लैजानुपर्ने।

● **सहमति** : स्पष्ट छैन

सहमतिमा सरकारका तर्फबाट शिक्षासचिव सुरेश अधिकारी र नेपाल शिक्षक महासंघको तर्फबाट अध्यक्ष कमला तुलाधरको हस्ताक्षर छ।

एकको मृत्यु...

पृष्ठ १ बाट क्रमशः

जबर्जस्ती करणी मुद्दामा दोषी ठहर भएकामा बाल सुधारगृहमा सजाय काटिरहेका थिए।

प्रहरीका अनुसार तोडफोड र आगजनीमा उत्रिएका बालबन्दीले प्रहरीको मोटरसाइकल, कागजपत्र जलाएका छन्। तोडफोडबाट सुधारगृह र कार्यालय भवनको झ्यालका सिसा, कम्प्युटर, भिडियो कल गर्ने उपकरणमा क्षति पुगेको छ। बालबन्दीले सुधारगृहमा रहेको सरकारी गाडी र एउटा निजी मोटरसाइकलमा समेत क्षति पुऱ्याएको प्रहरीले जनाएको छ।

बाल सुधारगृहमा रहेका युवाको समूहले आफूले खाने थाल, कचौरा, गिलाससमेत बाहिर फालेर प्रदर्शन गरेका थिए। बाल सुधारगृहमा दुई सय ५४ जना छन्। तीमध्ये चारजना अझै सम्पर्कमा नआएको उनले बताए। 'अझै चारजना सम्पर्कबाहिर छन्। उनीहरूको खोजी जारी छ,' उनले भने। झडप र मृत्युको घटनापछि बालबन्दीले शुक्रबार दिउँसो भवनको छतमा चढेर प्रहरीविरुद्ध प्रदर्शन गरेका थिए। नेपाल प्रहरी र सशस्त्र प्रहरीले शान्त भएर बस्न आग्रह गरेपछि दिउँसोबाट स्थिति सामान्य बनेको उनले जानकारी दिए। बालबन्दीले प्रहरीको पेस्तोल नै कब्जामा लिएको बताइए पनि डिएसपी डाँगीले यस विषयमा आफूलाई जानकारी नभएको जिकिर गरे।

घटनाबारे बुझ्न लुम्बिनी प्रदेशका प्रहरी प्रमुख डिआइजी उमेशराज जोशी र लुम्बिनी प्रदेश ट्राफिक प्रमुख एसपी कृष्णप्रसाद प्रसाईं शुक्रबार नेपालगन्ज पुगेका छन्। उनीहरूले बाल सुधारगृहमा भएको झडपको कारण र हालको अवस्था बुझेको बाँकेका प्रहरी प्रमुख एसपी सन्तोषसिंह राठोरले जानकारी दिए। उनले बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यसहित चारवटै सुरक्षा निकायका जिल्ला प्रमुखहरू घटनास्थल पुगेर वस्तुस्थितिबारे जानकारी लिएको बताए।

किन भयो झडप ?

बाल सुधारगृहले लागुऔषध सेवन गर्ने र नगर्ने समूहबीच झपड भएको बताएको छ। गृहकी काउन्सिलर विमला काउचामगरले भनिन्, 'बिहीबार रातिको झडप लागुऔषध सेवन गर्ने र नगर्ने समूहबीच भएको हो। हेपाइ सहन नसकेर प्रतिवाद गर्दा झडपको स्थिति सिर्जना भएको हो।' सुधारगृहमा रहेका ६ जना बालबन्दीले आफूसँगै सुधारगृहमा रहेका कक्षा ५-१० सम्मका विद्यार्थी पढाउने गरेका छन्। 'त्यहाँ लागुऔषध प्रयोगकर्ताको समूह पनि छ। त्यो समूहले लागुऔषध सेवन नगर्ने र शिक्षकलाई हेप्ने, होच्याउने गर्दथ्यो,' उनले भनिन्, 'शिक्षक काउन्सिलरसँग जान्छन्। नजिक छन्। हाम्रो कुरा लगाउँछन् भन्ने रिस लागुऔषध सेवन गर्नेहरूलाई थियो।'

सुधारगृहमा १५-२७ वर्ष उमेरका बालबन्दी छन्। लागुऔषध सेवन गर्नेहरूले आफूभन्दा सानो उमेरकालाई हेप्ने, कुट्ने, पिट्ने गरेको आफूले देखेको उनले बताइन्। 'यसको रिपोर्टिङ हामीलाई पहिलेदेखि नै थियो। हामीले उच्छृंखल व्यक्तिको पहिचान गरी अन्यत्र पठाउने योजना बनाएका थियौं, तर पठाउन नपाउँदै झडपको स्थिति सिर्जना भयो,' उनले भनिन्, 'पहिले नै अन्यत्र सरुवा गर्न सकेको भए यो अवस्था आउने थिएन।' बाल सुधारगृहमा लागुऔषध, जबर्जस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सजाय पाएका बालबन्दी छन्।

त्रिभुवन...

पृष्ठ १ बाट क्रमशः

नगरी कुनै पनि हवाईजहाजले सामग्री ढुवानी गर्दैनन्, यो अन्तर्राष्ट्रिय उडान मापदण्डअन्तर्गत नै पर्दछ,' उनले भने, 'बिग्रिएको एक्सरे समयमै मर्मत नगर्दा र भएको एक्सरेसमेत बिग्रिँदा निर्यात ठप्प भएको छ।' यसले अन्तर्राष्ट्रियस्तरमा नेपालको बेइज्जतीसमेत भएको उनको भनाइ छ। शुक्रबार जापान उड्ने नेपाल एयरलाइन्स र कतार उड्ने कतार एयरलाइन्सले लाने निर्यातका वस्तु नेपालमै अड्किएको फ्रेट फरवार्डस् एसोसिएसनले जनाएको छ। त्यस्तै, शनिबार उड्ने विमानबाट समेत निर्यात हुने छैन। शनिबार बेलुकीसम्म एक्सरे नबने निर्यातमा झन् समस्या आउने वरिष्ठ उपाध्यक्ष संग्रौलाले बताए।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीका महाप्रबन्धक प्रेम भण्डारीले त्रिभुवन विमानस्थलको निकासीतर्फको गोदाममा रहेको एक्सरे मेसिन बिग्रिएर भन्सार जाँचपास र निर्यात प्रभावित भएको स्विकारे। 'एउटा एक्सरे मेसिन एक-डेढ महिनादेखि बिग्रिएर बसेको छ, अर्को शुक्रबार साँझ ६ बजेतिर बिग्रिएछ,' उनले भने, 'प्राविधिकहरूले शनिबार नै मर्मत गरिदिने बताएका छन्, आज साँझ बिग्रिएकाले धेरै सामान अड्एिका छैनन्।'

एउटा मेसिनका कारण निर्यात नै प्रभावित हुनु उचित नभएको उनले बताए। 'पारवहन तथा गोदाम व्यवस्था कम्पनीको काम भनेको अपरेट (सञ्चालन) गर्ने मात्रै हो, मेसिनरीहरू उपलब्ध गराउने काम नागरिक उड्डयन प्राधिकरणको हो,' उनले भने, 'उहाँहरूले नयाँ मेसिन ल्याउने भनेर लामो समयदेखि भनिरहनुभएको छ, तर आएको छैन।'

नेपालको कुल निर्यातमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारको हिस्सा २२.६२ प्रतिशत रहेको छ। अर्थात्, एकचौथाइ निर्यात त्रिभुवन विमानस्थलबाटै हुन्छ। गएको आर्थिक वर्ष ०७९/८० मा यस भन्सारबाट ३५ अर्ब ५४ करोड रुपैयाँबराबरका वस्तु निर्यात भएका थिए। तर, धेरै निर्यात हुने ठाउँमा सरकारले आवश्यक मात्रामा एक्सरे राखेको छैन। त्यहाँ कम्तीमा चारवटा एक्सरे मेसिन चाहिने व्यवसायीहरू बताउँछन्।

संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

मान्यता दिनका लागि आह्वान गर्दछु।'

प्रधानमन्त्री प्रचण्डले नेपालमा गणतन्त्रको १५ वर्षमा मानव अधिकार, सहभागितामूलक लोकतन्त्र, आवधिक निर्वाचन, समावेशी समानुपातिक प्रतिनिधित्व, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र विधिको शासनको विश्वव्यापी मान्यता सुदृढ हुँदै गएको पनि बताए। ०७२ मा संविधान जारी भएपछि संघीय, प्रादेशिक र स्थानीय तहमा लगातार दुईवटा निर्वाचन भएसँगै शासनका सबै तहमा महिला, दलित, युवा र न्यून प्रतिनिधित्व भएका समुदायको सहभागिता बढेको प्रधानमन्त्रीले जानकारी दिए। 'स्थानीय तहमा ४१ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्न सफल भएका छौं। प्रदेश सभा र संघीय संसद्मा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ,' प्रधानमन्त्री प्रचण्डले भने।

नेपालले आतंकवादको सबै रूप र अभिव्यक्तिको निन्दा गर्दै उनले नेपालले लोकतन्त्र, विकास र मानव अधिकारको एकीकृत दृष्टिकोणमा विश्वास राख्ने बताए। 'हामी आतंकवादविरुद्धको बृहत् विश्वव्यापी सन्धिको चाँडो निष्कर्षका लागि आह्वान गर्छौं,' प्रधानमन्त्रीले मानव अधिकारको संरक्षण र प्रवर्द्धनप्रति नेपालको प्रतिबद्धता पूर्ण र अटल रहेको बताउँदै भने, 'हामी लोकतन्त्र, विकास र मानव अधिकारको एकीकृत दृष्टिकोणमा विश्वास गर्छौं।'

नेपालले ६५ वर्षदेखि संयुक्त राष्ट्रसंघले तोकेको शान्ति सेनामा निरन्तर सहभागिताको माध्यमबाट अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न योगदान दिइरहेको बताउँदै नीति निर्माण तहमा नेपालको दाबी प्रस्तुत गरे। हाल नेपाल शान्ति स्थापक मिसनमा विश्वको दोस्रो ठूलो संख्यामा सेना र प्रहरी पठाउने मुलुक रहेको, नेपालले कुनै पनि क्षण चुनौतीपूर्ण परिस्थितिमा सैनिक तैनाथ गरेको उनले स्मरण गराए।

'हाम्रा शान्ति सैनिकहरूले समर्पण, व्यावसायिकता र योग्यताको छुट्टै प्रतिष्ठा कमाएका छन्, जसलाई संयुक्त राष्ट्रसंघ, आयोजक सरकार र समाजले व्यापक रूपमा स्वीकार गरेका छन्,' प्रधानमन्त्रीले भने। उनले मुख्यालयलगायत ठाउँमा नेपालले नेतृत्वदायी भूमिका पाउनुपर्ने अडान दोहोऱ्याए।

प्रधानमन्त्री प्रचण्डले नेपालमा राजनीतिक स्थिरता रहेको उल्लेख गर्दै अब आर्थिक रूपान्तरणको एजेन्डामा ध्यान केन्द्रित रहेको उनले बताए। वर्तमान सरकारको केन्द्रबिन्दु विकासका कामलाई तीव्रता दिन र सुशासन सुनिश्चित गर्ने एजेन्डामा रहेको र यसका लागि सरकारले सम्पूर्ण शक्ति र स्रोत परिचालन गरिरहेको प्रधानमन्त्रीले बताए।

दिगो विकास लक्ष्यलाई नेपालले विकास दृष्टिकोण र प्राथमिकताको केन्द्रमा राखेको बताउँदै प्रधानमन्त्रीले थपे, 'यद्यपि, कोभिड-१९ महामारी, जलवायु परिवर्तन र बढेको भूराजनीतिक प्रतिस्पर्धाजस्ता संकटहरूले यसमा हाम्रो मिहिनेतले कमाएको प्रगतिलाई खतरामा पारेको छ।' प्रधानमन्त्री प्रचण्डले नेपालजस्ता जलवायु जोखिममा रहेका हिमाली मुलुकले जलवायु परिवर्तनको चरम पीडा भोग्दै आएको पनि बताए।

अर्को सन्दर्भमा प्रधानमन्त्री प्रचण्डले कुनै पनि देशको भौगोलिक अखण्डता, राजनीतिक स्वतन्त्रता र सार्वभौमसत्ताविरुद्ध बल प्रयोग वा धम्कीको नेपालले विरोध गर्ने बताए। उनले लिबिया, सिरिया, यमन, इजरायल, प्यालेस्टाइनमा शान्ति स्थापना हुनुपर्नेमा जोड दिए। यमनमा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको युद्धविरामलाई दिगो शान्तिमा परिवर्तन गर्नुपर्ने उनको भनाइ थियो।

उनले राष्ट्रिय स्वामित्वको, शान्तिपूर्ण, न्यायपूर्ण र विश्वभरका द्वन्द्वहरूको दिगो समाधानलाई नेपालको समर्थन रहने पनि स्पष्ट पारेका छन्। विश्वमा विश्वास र सहयोगको अभाव रहेको, भूराजनीतिक प्रतिस्पर्धा, शक्ति ध्रुवीकरण र आर्थिक राष्ट्रवादको पुनरुत्थान भएका कारण राष्ट्रसंघीय बडापत्र नै अप्ठेरोमा परेको उनको भनाइ थियो। यसलाई सच्याएर शान्ति, समृद्धि र प्रगतिका हाम्रा साझा लक्ष्यमा ध्यान केन्द्रित गर्न उनले आह्वान गरे।

राष्ट्रपति बाइडेनको स्वागत समारोहमा प्रधानमन्त्री

प्रधानमन्त्री प्रचण्ड अमेरिकी राष्ट्रपति जो बाइडेनद्वारा राष्ट्रसंघीय महासभामा सहभागी सरकार प्रमुख एवं राष्ट्र प्रमुखहरूको सम्मानमा आयोजित स्वागत समारोहमा सहभागी भएका छन्। प्रचण्ड र उनकी पुत्री गंगा दाहाल स्वागत समारोहमा सहभागी भए। स्वागत समारोहको तस्बिर राष्ट्रपति कार्यालयले शुक्रबार उपलब्ध गराएको छ जसमा बाइडेन, उनकी पत्नी, प्रधानमन्त्री प्रचण्ड र उनकी पुत्री गंगाको फोटो छ।

आज चिनियाँ...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागीलगायत हुनेछन्। प्रधानमन्त्री प्रचण्ड शनिबार साँझ १९औं एसियाली खेलको उद्घाटन सत्रमा सहभागी हुने कार्यक्रम छ।

प्रधानमन्त्री प्रचण्डको टोली ७ असोजमा बेइजिङ जानेछ। सोही दिन (आइतबार) अपराह्न आयोजना हुने नेपाल-चीन लगानी सम्मेलनलाई उनले सम्बोधन गर्ने कार्यक्रम छ। त्यही दिन प्रधानमन्त्रीको सम्मानमा नेपाली राजदूतावासले रात्रिभोजसहित स्वागत समारोह आयोजना गर्दै छ।

प्रधानमन्त्री प्रचण्डले ८ असोजमा चिनियाँ समकक्षी ली

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार ६ असोज ०८०
nayapatrikaofficial @naya_patrika

ज्ञवाली दाजुभाइको राजनीतिक यात्रा

पार्टीमा दुईतिर, भूगोलमा तीनतिर



● युवराज ज्ञवाली
उपाध्यक्ष, एमाले

हामी पार्टीमा र विचारमा निरन्तर सँगै भयौं । एमालेबाट माले र समाजवादी विभाजन हुँदा मात्रै फरक भयौं । महाकाली सन्धि गरिहाल्नु हुँदैन, धेरै अधिकार लिएर मात्रै गर्नुपर्छ भन्नेमा थिएँ । पार्टी विभाजन गर्नु गलत हो भन्दै पार्टीभित्रै अन्तर्संघर्ष चलाउनुपर्छ भनेर बसें ।



● रामकुमार ज्ञवाली
पोलिटब्युरो सदस्य, एकीकृत समाजवादी

राजा महाराजाले शासन गरेको वेलामा पार्टीमा लागेर काम गरेका मान्छे हामी । त्याग र पृष्ठभूमि ख्याल नगर्ने, नेतृत्वको चाकरी गर्नुपर्ने स्थिति एमालेमा बन्यो । केपी ओलीमा सबथोक मै हुँ भन्ने देखियो । आज पनि एमालेका नेताहरू ओलीसँग शिर ठाडो पारेर बोल्न सक्दैनन् ।



● लक्ष्मण ज्ञवाली
केन्द्रीय सदस्य, एमाले

रामकुमार दाइ माधवकुमार नेपालको पार्टीमा हुनुहुन्छ । हामीबीच राजनीतिक बहस, छलफल हुन्छ । तर, हामी पारिवारिक रूपमा दाइले यसो भन्नुभयो, भाइले यसो भन्यो भन्ने ढंगले कुरा गर्दैनौं । एकले अर्कालाई दबाब दिँदैनौं । हामी स्वतन्त्र ढंगले आफ्नै बलबुतामा काम गर्दै आएका हौं ।



प्रेम गौतम
pnepal123@gmail.com

सम्बन्ध

गुल्मीका पण्डित खुमानन्द ज्ञवाली कांग्रेस पृष्ठभूमिका थिए । बालबच्चालाई पढाउनुपर्छ भन्ने चेत उनमा थियो । जेठो छोरा भक्तिराम ज्ञवालीले जन्मथलोमा प्राथमिक शिक्षा पूरा गरे । त्यसपछि थप अध्ययनका लागि गुल्मीबाट दाङ झरे । दाङमा पढाउँदै पढ्दै गर्न थाले ।

भक्तिरामले पढ्दै पठाउँदै दाङमा भाइहरूलाई पनि अध्ययन गर्ने वातावरण बनाए । समाजमा हुने अन्याय, अत्याचार, थिचोमिचो, शोषण, दमन, उत्पीडन, सामाजिक विभेदले हद नाघेको थियो । भक्तिराम विद्यार्थी अवस्थाबाटै वामपन्थी आन्दोलनमा जोडिए । नेपाल राष्ट्रिय शिक्षक संगठनको पहिलो दाङ जिल्ला अध्यक्ष भए उनी । संस्कृति माध्यमिक विद्यालयमा पठाउँथे । मोहन वैद्य पनि भक्तिरामका शिष्य थिए ।

वामपन्थी आन्दोलनमा लागेपछि सोही अनुसारका किताब, पत्रपत्रिका पढ्नु स्वाभाविकै भयो । अन्य भाइहरूलाई दाङमा पढ्ने वातावरण बनाए । भक्तिरामले शिक्षण पेसा र भूमिगत राजनीतिलाई एकसाथ अगाडि बढाए । दाजुको वामपन्थी झुकाव र समाजको चरित्रले भाइहरू पनि वामपन्थी आन्दोलनमा लाग्ने वातावरण बन्यो । दाइले ल्याएका किताब र पत्रपत्रिका पढेर कलिलो दिमागमा क्रान्तिकारीपनले डेरा जमाउँदै गयो । कांग्रेस पृष्ठभूमिका खुमानन्दको पूरै परिवार वामपन्थी बन्यो । खुमानन्दलाई घत लाग्ने किताबहरू पढ्ने वातावरण छोराहरूले तयार पारेका थिए । अध्ययन गर्दैगर्दै कम्युनिस्ट मन पर्न थाल्यो । खुमानन्दका परिवार मात्रै होइन, नातागोता पनि सबै कम्युनिस्ट बने । खुमानन्दको माइलो छोरो गोविन्दको पनि वामपन्थीतिरै झुकाव थियो । उनको पढ्दापढ्दै दाङमा ०१८ सालमा निधन भयो ।

शोषण, अन्याय र विभेदले कम्युनिस्ट

दाङमा विशेषगरी थारू समुदायमाथि ठूलो शोषण थियो । किसानले भोगेको पीडा, असमानता, शोषण, अन्याय, विभेद गलत हो, यसको विपक्षमा उभिनुपर्छ भन्ने भावना भाइ युवराज ज्ञवालीमा जाग्यो । दाजु भक्तिरामले ल्याएका किताब र पत्रपत्रिका पढ्दापढ्दै युवराज पनि कम्युनिस्ट विचारबाट प्रभावित भए । युवराजलाई कम्युनिस्ट पार्टी ठिक हो भन्ने कुरा ०२४ सालमा आठ कक्षामा पढ्दादेखि नै लागेको थियो । 'अच्छा कम्युनिस्ट कैसे बने ?', यो किताब आठ कक्षा पढ्दा नै युवराजले पढे । 'जेठो दाइले किताब ल्याउने भएकाले अध्ययनको वातावरण बन्यो । स्कुलमा पनि एक विषय हिन्दीमा पढाइ हुने भएकाले हिन्दी राम्ररी बुझ्थें । अन्य विभिन्न हाते पुस्तिका र पत्रपत्रिका पनि पढ्ने वातावरण थियो । कक्षा १० सम्म दाङमा पढ्दा कम्युनिस्टका धेरै किताब र पत्रपत्रिका पढें । स्कुलमा पनि कम्युनिस्ट र कांग्रेस भन्ने हुन्थ्यो । कम्युनिस्ट साथीहरू बनाउने क्रम बढ्दै गयो । जसले कालान्तरमा भूमिगत राजनीतिसम्म पुऱ्यायो,' युवराज स्मरण गर्छन् ।

युवराजको खास राजनीति पाल्पा आएपछि सुरु भयो । पश्चिम भेगमा बिएसम्म पढ्ने कलेज तानसेनमा मात्रै थियो । त्यहाँ पढ्दा आधा विद्यार्थी, आधा पार्टी कार्यकर्ताको रूपमा काम गरे । स्कुलहरूमा जाने, कमिटी गठन गर्ने, प्रशिक्षण दिने काम गरे । पर्चा बाँड्ने, आन्दोलन, जुलुस, प्रदर्शन, साहित्यिक, सांस्कृतिक कार्यक्रम आदि धेरै गरे । भैरहवामा दीपक बोहराको नेतृत्वमा मण्डले सक्रिय थियो । तानसेनमा भने पुष्पलाल नेतृत्वको पार्टीको विद्यार्थी संगठन धेरै बलियो थियो ।

०२५ सालमा पुष्पलालको पार्टी गठन भएपछि ०२६ सालदेखि गुल्मी जिल्लामा संगठनात्मक काम व्यापक हुन थाल्यो । गुल्मीमा पार्टीका नेताहरूले साइलो दाजु फणिन्द्रसँग सम्पर्क बढाएका थिए । घरमा आएर बस्ने, संगठन बढाउने काम भइरहेको थियो । नेत्रलाल अभावी, शिवराज गौतम, मोहन वैद्यलगायत नेताहरू पटक-पटक आइरहन्थे । त्यही क्रममा युवराजको नेताहरूसँग सम्पर्क भयो । नेताहरूको संगत र दाङको सामन्ती शोषणलाई हटाउने पार्टी कम्युनिस्ट नै हो भन्ने ठानेर युवराज भूमिगत राजनीतिमा संगठित भए ।

युवराजले ०२८ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिए । कम्युनिस्ट पार्टीको सदस्यता लिन अग्नि परीक्षा नै पार गर्नुपर्थ्यो । लुम्बिनी अञ्चल कमिटी सदस्य देवी पाण्डे 'आनन्द'ले युवराजलाई कम्युनिस्ट पार्टीको सदस्यता दिए । त्यसपछि उनी पूर्णकालीन राजनीतिमा होमिए । दाङमा पुष्पलालको पार्टी खोल्ने काम युवराजहरूकै सक्रियतामा भयो ।

रामकुमार र लक्ष्मणले स्वतः कम्युनिस्ट आन्दोलनलाई पछ्याए । लक्ष्मणले पनि विद्यार्थी जीवनदेखि नै राजनीति सुरु गरेका हुन् । तर, लक्ष्मणले लामो समय जेलजीवन बिताए । युवराज गणतान्त्रिक आन्दोलनका क्रममा एक महिना जेल परे । त्यसबाहेक शान्तिपूर्ण आन्दोलनको क्रममा थुप्रैपटक गिरफ्तारीमा परेका छन् । रामकुमार पनि धेरैपटक गिरफ्तार भए, तर, लामो जेलजीवन उनले बिताउनुपरेन । 'पार्टीले नै बच्ने र संगठन विस्तार गर्ने निर्देशन दिन्थ्यो । थुप्रै आरोहअवरोह पार गरेर भूमिगत कालमा संगठन निर्माण गरियो । रोजेको ठाउँमा भन्दा पार्टीले खटाएको ठाउँमा गएर संगठन विस्तार गर्नुपऱ्यो,' रामकुमार सम्झिन्छन् । त्यही क्रममा आफू कञ्चनपुर पुगेको उनी बताउँछन् । सिंगो परिवार पुष्पलालको पार्टी, मुक्तिमोर्चा, को-अर्डिनेसन केन्द्र माले हुँदै एमाले भयो । पार्टी विभाजनका वेला लक्ष्मण मालेमा लागे भने रामकुमार एकीकृत समाजवादीमा ।

शिक्षण पृष्ठभूमि

युवराज दाङमा पढ्दापढ्दै पाल्पामा प्रअ भएर गए । रामकुमार पनि अनेरास्ववियु एकताको पाँचौंमा जोडिए । पाँचौंको अध्यक्ष टंक कार्की थिए भने सुदूरपश्चिमको अध्यक्ष रामकुमार थिए । ०३६/०३८ को राप्ती, भेरी, कर्णाली, सेती, महाकाली सुदूरपश्चिममा पर्थ्यो । झलनाथ खनाल मालेको महासचिव हुँदा नेत्रलाल केन्द्रीय सदस्य थिए । उनै नेत्रलालले रामकुमार र लक्ष्मणलाई पार्टी सदस्यता दिलाएका हुन् ।

युवराज र रामकुमारले पढाए । लक्ष्मण भने जेलमा परे । चौधरी थारू र राना थारू भाषाको ज्ञान रामकुमारसँग छ । थारू भाषाबारे युवराज र लक्ष्मण पनि जानकार छन् ।

०३७ सालमा युवराज भूमिगत भए । पारिवारिक उल्झन भयो । ०३८ सालमा लक्ष्मण दाङमा जेल परे । रामकुमारलाई पारिवारिक रूपमा जोगिनुपर्ने अवस्था आयो । तत्कालीन नेतृत्वले सुदूरपश्चिममा जाने, रिजर्भ भएर बस्ने, सेल्टरसम्म बनाउने निर्देशन दियो । पार्टी निर्देशन मान्दै रामकुमार सुदूरपश्चिम हानिए । ०३८ सालदेखि रामकुमार सुदूरपश्चिममै छन् । ०३९ सालदेखि रामकुमारले कञ्चनपुरमा शिक्षक पेसा अँगाले । राजनीतिलाई पनि सँगै अघि बढाए । गाउँघर जाने, चिनजान गर्ने, सेल्टर बनाउने काम पञ्चायतकालमा गरे । रामकुमार ०४२ सालको मालेको पार्टी सदस्य हुन् । पार्टीको शिक्षक फ्याक्सनमा थिए उनी ।

'पार्टी सदस्यता लिन निकै गाह्रो थियो । फारम भरेपछि पनि सबै कुरा बुझेर मात्रै पार्टीले सदस्यता दिन्थ्यो । भूमिगत कालमा लौह अनुशासन हुन्थ्यो,' रामकुमारले स्मरण गरे । ०४२ सालमै युवराज सुदूरपश्चिम गएका थिए । पैदल हिँड्नुपर्थ्यो । सेल्टरमा नेतालाई पुऱ्याउने, चिठी ओसारप्रसार गर्ने, दस्ताबेजहरू पुऱ्याउने, अध्ययन मण्डल बनाउनेलगायत काम भूमिगत कालमा खुब हुन्थे ।

राजनीतिमा ज्ञवाली दाजुभाइ

एमाले उपाध्यक्ष युवराज ज्ञवाली, एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य रामकुमार ज्ञवाली र एमाले केन्द्रीय सदस्य लक्ष्मण ज्ञवाली सहोदर दाजुभाइ हुन् । राष्ट्रिय नेताको छवि बनाएका युवराज एकपटक मन्त्री भइसकेका छन् । पोलिटब्युरो सदस्य रामकुमार र केन्द्रीय सदस्य लक्ष्मण पनि राजनीतिमा अगाडि बढिरहेका छन् । पुर्खौंली घर गुल्मी भए पनि अहिले ज्ञवाली दाजुभाइ तीनतिर छन् । भूमिगत राजनीतिमा पार्टीले खटाएको क्षेत्रमा राजनीतिक अभियान चलाउने क्रममा नै ज्ञवाली दाजुभाइ तीनतिर भएका हुन् ।

युवराज दाङ, रामकुमार कञ्चनपुर र लक्ष्मण बर्दियाबाट राजनीति गर्छन् । रामकुमार एकीकृत समाजवादीको सुदूरपश्चिमको सह-इन्चार्ज छन् भने लक्ष्मण एमालेका बर्दिया इन्चार्ज छन् ।

०५५ सालदेखि स्थायी कमिटी सदस्य भएका युवराज दुईपटक एमालेको उपाध्यक्ष, सचिव भए । युवराज र रामकुमारले तीसको दशकबाटै राजनीतिक जीवन सुरु गरेका हुन् । पढ्दै, पठाउँदै भूमिगत राजनीतिमा सक्रिय भएका युवराज र रामकुमार संगठन विस्तार र प्रशिक्षणमा अब्बल छन् । साइँला फणिन्द्र र युवराजको पार्टीमा संलग्नता सँगसँगै हो, मुक्तिमोर्चामार्फत । हाल जेठा भक्तिराज र साइँला फणिन्द्र राजनीतिमा सक्रिय छैनन् ।

लक्ष्मण ५० सालदेखि निरन्तर बर्दियाको भूगोलमा छन् । लक्ष्मण लामो समय बर्दिया जिल्ला कमिटी सचिव भए । बर्दिया र बाँकेको इन्चार्ज भए । केही वर्ष कर्णालीको इन्चार्ज पनि भए । हुम्ला, मुगु, कालिकोट, जाजरकोट, जुम्लामा लक्ष्मणकै अग्रसरतामा जिल्ला कमिटी बने ।

पार्टी विभाजन हुँदा लक्ष्मण मालेमा लागे, रामकुमार एकीकृत समाजवादीमा । 'जता लागे पनि पारिवारिक सम्बन्ध, आवतजावत राम्रै छ । कुराकानी भइरहन्छ । पार्टी फुटाएर जानु हुँदैन भनेर आग्रह गरैं, तर जबर्जस्ती गरिनँ,' युवराज भन्छन् ।

मन्त्री बन्दा जुरेको सामूहिक जमघट

तीनतिर राजनीतिक क्षेत्र बनाएका ज्ञवाली दाजुभाइबीच पारिवारिक भेटघाट र राजनीतिक कुराकानी न्यून मात्रामा हुन्छ । युवराज मन्त्री भएका वेला पाँच दाजुभाइ र दुई दिदीबहिनीबाट संयुक्त भेट भएकोबाहेक सामूहिक जमघट भएको स्मरण लक्ष्मणसँग छैन । 'पारिवारिक भेटघाटमा राजनीतिक कुराकानी हुन्छ । तर, विवादित कुरा हुँदैन' युवराज सम्झन्छन्, 'हाम्रा धेरै एजेन्डा मिल्छन् । यही नै गर्नुपर्छ भनेर एकले अर्कालाई फोर्स गर्दैनौं ।'

'राजनीतिक गफ त्यस्तो हुँदैन । कहिलेकाहीं राजनीतिक गफ गर्न खोजेपछि राजनीतिक कुरा नगरौं भन्छु,' रामकुमार भन्छन्, 'राजनीतिमा बाउ जहाँ लागेको छ, त्यहीं छोरो लाग्नुपर्ने, दाइ जहाँ लागेको छ, त्यहीं भाइ लाग्नुपर्ने भन्ने बाध्यता होइन । आफ्नो इच्छा हो । गुल्मीमा जन्मैं, दाङमा पढैं, कञ्चनपुरमा राजनीति गरिरहेको छु ।'

गुल्मीमा प्राथमिक तह पढेपछि थप शिक्षाका लागि रामकुमार पनि दाङ गए । रामकुमार भित्रभित्रै राजनीतिमा लागेका थिए । युवराजले चिठीपत्र र दस्ताबेज नेताहरूसम्म पुऱ्याउन वेलावेला रामकुमारलाई लगाउँथे । 'नेतालाई भेट्न गइन्थ्यो । फलानो सेल्टरमा गएर डकुमेन्ट दिनू भन्ने हुन्थ्यो । म बच्चा थिएँ, खुरुखुरु जान्थें, कसैले शंका पनि गर्दैनथ्यो,' रामकुमार भन्छन् ।

सुदूरपश्चिममा चर्चित नेता स्व. प्रेमसिंह धामी र युवराजको भेट रामकुमारले नै ०४५ सालमा बेलौरी सेल्टरमा गराएका थिए । युवराजसँग एक-दुई घन्टा छलफल गरेपछि प्रेमसिंह माले हुन राजी भएका थिए । प्रेमसिंह सांसद र मन्त्री पनि भए ।

युवराज ०१०, रामकुमार ०१४ र लक्ष्मण ०१६ सालमा जन्मिएका हुन् । युवराज विद्यार्थी, शिक्षक हुँदै पार्टीमा लागे । रामकुमार विद्यार्थी राजनीतिमा बढी लागे । लक्ष्मण सुरुदेखि नै पार्टीमा लागे । लक्ष्मण गम्भीर स्वभावका छन् । प्रशिक्षणमा तीनै नेता अब्बल मानिन्छन् । युवराज त लेखपढमै बढी समय बिताउँछन् । पार्टी केन्द्रको स्कुल र संगठन विभागसमेत युवराजले चलाए । जनसंगठन सञ्चालन गर्नमा रामकुमार अब्बल मानिन्छन् । रामकुमार १५ वर्ष एमालेको अञ्चल सचिवसमेत भए ।

> एमाले उपाध्यक्ष युवराज ज्ञवाली, एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य रामकुमार ज्ञवाली र एमाले केन्द्रीय सदस्य लक्ष्मण ज्ञवाली सहोदर दाजुभाइ हुन् । राष्ट्रिय नेताको छवि बनाएका युवराज एकपटक मन्त्री भइसकेका छन् । पोलिटब्युरो सदस्य रामकुमार र केन्द्रीय सदस्य लक्ष्मण पनि राजनीतिमा अगाडि बढिरहेका छन् ।

संसदीय अनुभव

पद, प्रतिष्ठा र फाइदाका लागि राजनीतिमा लागेको होइन भन्ने मान्यता ज्ञवाली दाजुभाइको छ । कतिपय अवस्थामा पाएको जिम्मेवारी पनि अन्य योद्धालाई दिएको सम्झना उनीहरूसँग ताजै छ । युवराज ०५४ सालमा राष्ट्रिय सभाको सांसद भए । ०५६ मा विपक्षी दलको नेता भए । ०६० सालमा स्थानीय विकास मन्त्री भए । ०७० सालमा संविधान सभा सदस्य भए । ०४८ सालमा दाङबाट निर्वाचन लडे, तर खुमबहादुर खड्कासँग पराजित भए । ०६४ को निर्वाचन पनि युवराज पराजित भए ।

०४८ मा रामकुमार कञ्चनपुरबाटै निर्वाचन लडे । तर, जित्न सकेनन् । ०५१ मा रामकुमारले कञ्चनपुरबाट निर्वाचन जिते । ०५६ मा पनि निर्वाचन लडे, तर पार्टी विभाजनको असर पऱ्यो, जित्न सकेनन् । ०६४ मा दाङबाट युवराज, कञ्चनपुरबाट रामकुमार र बर्दियाबाट लक्ष्मण उम्मेदवार थिए । संयोग, तीनैजना पराजित भए ।

लक्ष्मण ०६४ को संविधानसभा निर्वाचनमा बर्दियाबाट उम्मेदवार बने । माओवादीको लहर थियो, लक्ष्मण निर्वाचित भएनन् । ०७९ को प्रतिनिधिसभा निर्वाचनमा बर्दियाबाटै उम्मेदवार थिए । उनी फेरि पराजित भए । तारतम्य मिलाउन सकेको भए निर्वाचित भइन्थ्यो भन्ने लक्ष्मणको विश्लेषण छ । निर्वाचन नजिते पनि उनी बर्दियाकै भूगोलमा क्रियाशील छन् ।

अध्यापन र जेलजीवन

युवराजले पाल्पाका हाइस्कुलमा पढाए । प्रअ भएपनि ज्ञवाली भूमिगत काममा निकै सक्रिय थिए । प्रअको जागिर छाडेर ०३८ साल भदौमा युवराज भूमिगत भए । ०३८ सालमै युवराज गुल्मी जिल्ला सचिव भए । त्यसपछि पार्टीले खटाएको जिल्ला र अञ्चलमा उनी सक्रिय भए । गुल्मी, रुपन्देही, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेतलगायत जिल्लामा पार्टी निर्माण गर्दै हिँडे । लुम्बिनी, सेती, महाकाली अञ्चलसम्म भूमिगत रूपमा संगठन विस्तार गरे । रामकुमार र लक्ष्मण पनि सँगसँगै आ-आफ्नो ठाउँमा विद्यार्थी र पार्टी राजनीतिमा सक्रिय भए । रामकुमार कञ्चनपुरको हाइस्कुलमा पठाउँथे । भूमिगत राजनीतिमा संगठन विस्तारमा रामकुमारको पनि ठूलो योगदान छ । ०५१ सालको निर्वाचनमा शिक्षकबाट राजीनामा गरेर निर्वाचन लडे ।

लक्ष्मण पनि सात कक्षा पास गरेपछि थप अध्ययनका लागि दाङ आए । मोहनविक्रमसँग विद्रोह गरेका नेता नेत्रलाल अभागीको सन्देश समूहको सम्पर्कमा पुगे । दाइहरूलाई जस्तै समाजमा हुने शोषण, अन्यायले वामपन्थी पार्टीप्रति आकर्षित गऱ्यो । 'राजनीतिक परिवार भएकाले छलफल/बहस हुन्थ्यो । भूमिगत नेताहरूले सेल्टर लिन्थे । सम्पर्क, सम्बन्ध बढाउने काम गर्थे । त्यो परिवेशले पनि राजनीतिमा लाग्न प्रेरित गऱ्यो,' लक्ष्मण सम्झिन्छन् । लक्ष्मण ०३७ सालमा पार्टीमा संगठित भए । लक्ष्मणलाई नेत्रलाल अभागीले सदस्यता दिएका हुन् ।

युवराज भने शाही शासनकालमा एक महिना जेल परे । प्रतिगमनविरोधी आन्दोलनमा हिरासतमा दर्जनौंपटक परे । सिंगो परिवार नै राजनीतिमा होमियो । साइँलो दाइ फणिन्द्र दाङमा किसान आन्दोलनमा सक्रिय थिए ।

नेकपा विवादमा तीन नेता

नेकपा विवादमा युवराज, रामकुमार र लक्ष्मण एउटै मोर्चामा थिए । पछि लक्ष्मण ओलीतिर लागे । युवराज र रामकुमार नेपाल पक्षमा खुलेर लागिरहे । उनीहरू एमाले अध्यक्ष केपी ओलीको चर्को आलोचकको रूपमा चिनिन्थे । एमाले विभाजन हुँदा युवराजले नेपाललाई साथ दिएनन् । अन्तिम समयमा उनी ओलीतिर लागे । रामकुमारले भने नेपालको साथ छाडेनन् ।

लक्ष्मण लामो समयदेखि वामदेव गौतम खेमामा थिए । तर, पहिलोपटकको प्रतिनिधिसभा विघटनपछि उनी गौतमलाई छाडेर ओलीतिर लागे । उनी तत्कालीन नेकपाको ओली खेमाको ७ पुसको बैठकमा सहभागी भएका थिए । त्यतिवेला युवराजले लक्ष्मणलाई नेपाल समूहमा लाग्न आग्रह गरेका थिए । तर, लक्ष्मणले मानेनन् ।

१०बुँदे सहमतिपछि युवराज पनि ओलीसँगै पुगे । रामकुमारलाई पनि एमालेमा राख्न प्रयास गरे । तर, रामकुमारले मानेनन् । त्यसो त, एमालेबाट माले बन्दा लक्ष्मणलाई एमालेमै राख्न युवराजले जोड गरेका थिए । तर, सफल भएनन् । माले विभाजनमा रामकुमारलाई भने युवराजले एमालेमै राखेका थिए । 'मलाई युवराज दाजुले अहिलेको विभाजनमा पनि ओलीतिरै बस्न अनुरोध गर्नुभएको थियो । मैले हुँदैन भन्दिएँ, त्यसपछि खासै बल गर्नुभएन,' रामकुमार भन्छन्, 'युवराज दाजु दाङमा राजनीति गर्नुहुन्छ, म कञ्चनपुरमा राजनीति गर्छु । त्यहाँको वस्तुस्थिति उहाँलाई थाहा छैन ।'

यसअघि ०५४ सालमा एमाले विभाजन हुँदा लक्ष्मणले वामदेव गौतमलाई साथ दिँदै नेकपा मालेमा आबद्ध भएका थिए । युवराज र रामकुमार एमालेमै थिए ।

कतिपय अवस्थामा स्थानीय परिस्थितिले पनि काम गरेको हुन्छ । ०५४ मा महाकाली सन्धिका कुराले लक्ष्मणलाई बढी प्रभाव पाऱ्यो । भेरी अञ्चलका साथीहरूसँग छलफल गरेरै माले भएका थिए । 'त्यतिवेला म जिल्ला कमिटीको सचिव थिएँ । त्यसवेलाको जिल्ला कमिटीमा एकजना साथीले मात्रै नोट अफ डिसेन्ट लेख्नुभएको थियो । हामीले पार्टी नै मालेमा समाहित गरेका हौं । त्यति हुँदा पनि हामीले पार्टी विभाजन गलत हो भनेर अन्तरसंघर्ष चलाएका थियौं । अन्ततः मिल्न पुगियो,' लक्ष्मण भन्छन् ।

माले-एमाले हुँदा पारिवारिक रूपमा केही असहज भएको लक्ष्मणको अनुभव छ । 'त्यतिवेला सोचाइ पनि साँघुरो थियो, अहिलेजस्तो फराकिलो थिएन । अहिले त्यस्तो हुँदैन । पार्टी कमिटीले गर्ने निर्णयलाई सहज ढंगले लिन्छौं हामी । वैचारिक रूपमा विश्लेषण गर्दा जे निष्कर्ष निस्कन्छ, त्यसैमा लाग्ने हो ।'

ढुंगा र काठको संग्रहालय नियाल्दा

चीनको जियांसी प्रान्तको यो संग्रहालयमा संग्रहित ढुंगाको प्रकार हेर्दा नेपालका पाखा-पखेरीहरू सबै 'ओपन स्टोन म्युजियम'जस्तो लाग्यो







जीवन लामा
jebanyatra37@gamil.com

यात्रा

चीनले विकासमा छलाङ मारेको धेरैचोटि सुनेको, पढेको थिएँ । कोभिड-१९ को समयमा एकै रातमा दश हजार कोभिड संक्रमित अटाउने हस्पिटल बनाएको खबरले झनै उत्साहित भएको थिएँ, चीनको विकासबारे बुझ्न । कतिपय विकासको कुरा सुन्दा अपत्यारिलो लाग्थ्यो । तर, २१ दिने चीनको यात्रा गर्ने अवसरले त्यहाँको विकासलाई नजिकबाट नियाल्ने मौका दियो ।

चीनतर्फ उड्नुअघि धेरै योजना बुनें । हुन त मेरो विषय खनिज स्रोतको बारेमा थियो । २१ दिनसम्म पढाइ मात्र हुन्छ होला भन्ने लाग्यो सुरुमा । तर, चीनको हरेक कुरा फरक रहेछ । २१ दिनको अवधिमा ११ दिनजति विषयअनुसार अध्ययन, अवलोकन तालिका थियो । जियांसी प्रान्तको नानचाङ प्रख्यात र फरक विशेषता बोकेको सहर थियो । सहर सहरबीच पनि प्रतिस्पर्धा हुँदो रहेछ चीनमा । झन् प्रान्त-प्रान्तबीच त प्रतिस्पर्धा नहुने कुरै भएन । प्रतिस्पर्धा पनि स्वच्छ र सकारात्मक खालका । अध्ययन, अवलोकनका क्रममा नानचाङ, गन्जाओ, हन्जाओ र सांघाईको विभिन्न संग्रहालयमा पुगें । त्यहाँको संग्रहालयले मलाई पटक-पटक झस्कायो । भएका कुरालाई संरक्षण गर्ने त छँदै छ, नभएका, नपाएका र सुनेका वस्तुलाई समेत समुद्रमुनिबाट हुन्छ कि, पहरा फोरेर हुन्छ कि, कृत्रिम बनाएर हुन्छ कि जस्ताको तस्तै देखिने गरी संग्राहलयमा राखेका रहेछन् । कतिपय संग्रहालयमा त पुराना सलाई, चुरोटका ठुटादेखि ढुंगासमेत सजाएर राखेका थिए । अवलोकन गरिरहँदा लाग्यो, चिनियाँहरू आफ्नो देशलाई शक्तिशाली र प्रभावशाली देखाउन सभ्यता र मान्यता दुवैलाई संरक्षण गरिरहेका छन् ।

चीनको दक्षिणपूर्वी भागमा अवस्थित जियांसी प्रान्त आफ्नो मनमोहक प्राकृतिक परिदृश्यका लागि मात्र प्रसिद्ध छैन, हजारौं वर्ष पुरानो सांस्कृतिक सम्पदाले पनि प्रसिद्ध छ । विविध सांस्कृतिक खजाना संग्रहालयमा देखिए । जियांसीको विगत झल्किने गरी पुरातन सभ्यतादेखि शाही राजवंशसम्मका हरेक वस्तु संग्रहालयमा राखिएको पाइयो । संग्रह र प्रदर्शनीबाट जियांसी प्रान्तले संरक्षित सांस्कृतिक विरासतको व्यापक लक्ष्य राखेको रहेछ ।

जियांसी एक लाख ६६ हजार ९०० वर्गकिलोमिटर (६४ हजार ४०० वर्ग माइल) मा फैलिएको छ । यो प्रान्तको उत्तरी भागबाट यांगत्जे नदी बग्छ । यो अनुपम परिदृश्यले प्रान्तलाई मात्र नभई देशकै सांस्कृतिक विकासमा पनि प्रभाव पारेको छ । जियांसी प्रान्तको इतिहास र संग्रहालयभित्र लुकेका रत्न अवलोकन गर्न पाउँदा धेरै खुसी भएँ । संग्रहित वस्तु हेर्दा विश्वको ठूलो राष्ट्र यही घरभित्र, कोठाभित्र देखेझैं लाग्यो । जियांसी प्रान्तले ठूलो ऐतिहासिक महत्त्व राखेको रहेछ । यो प्रान्तलाई चिनियाँ सभ्यताको चिनारीमध्ये एक मानिँदो रहेछ । यही ठाउँमा चिनियाँ कम्युनिस्ट पार्टीको रेड आर्मीले सन् १९३० को लङ मार्चमा आफ्नो महत्त्वपूर्ण अडान राखेको रहेछ । जियांसी इतिहासभरि कलात्मक र बौद्धिक आन्दोलनको केन्द्र पनि रहेछ, जसले प्रख्यात विद्वान्, चित्रकार र कविहरूको विकासलाई बढावा दिएको रहेछ ।

प्राचीन भाँडा र काष्ठकला

यस प्रान्तका संग्रहालयमा हजारौं वर्ष पुरानो कलाकृतिहरूको विशाल भण्डार छ । जियांसीको प्राचीन सभ्यताको पुरातन भाँडा र कांस्य कलाकृतिहरूको संरक्षण यहाँ पाइन्छ । ती प्राचीन भाँडा हेरिरहँदा जियांसीको प्राचीन दैनिकी, विश्वास र उनीहरूले त्यसवेला गर्ने अनुष्ठानहरूको झलक दिन्छ । संग्रहालय अवलोकनकै क्रममा काठको संग्रहालयमा पुगें । त्यहाँ हजार वर्ष पुरानो काठहरू सजाएर राखिएका रहेछन् । करोडौं मूल्य पर्ने टेबल, कुर्सी, दराज त्यहाँ सजाएर राखिएका थिए । राजा-महाराजा बस्ने कुर्सीहरू र काठमा कुँदिएका देवीदेवताका मूर्ति पनि त्यहाँ देखिन्थे । ती काष्ठकलाले जियांसीमा निकै निपूण काठका शिल्पकार थिए भन्ने देखाउँछ ।

कतिपय काठका मूर्ति धपक्क बलेका थिए । भगवान्का मूर्ति बोलिहाल्छन् कि भन्ने लाग्थ्यो । यस्ता मनमोहक संग्रहालय घुमिरहँदा मेरो देशको लाखौं टन काठ त्यत्तिकै कुहिएर खेर गइरहेको सम्झें । ढुंगैढुंगाको संग्रहालय नियाल्दा आफ्नै गाउँघर सम्झें । संग्रहालयमा संग्रहित ढुंगाको प्रकार हेर्दा नेपालका पाखा-पखेरी सबै 'ओपन स्टोन म्युजियम'जस्तो लाग्यो । अनि नेपालीहरूको घर नै एकप्रकारले संग्रहालय रहेछ भन्ने पनि लाग्यो । ०७२ सालको भूकम्पबाट नेपालका धेरै पुराना मोडलका घर ध्वस्त भए । नयाँ उपकरण र घरको मोडलले हाम्रा पुराना घर नासिँदै गए । भूकम्पले पुराना भाँडाकुँडा र सामान पनि ध्वस्त बनायो । अहिले सहरबाट प्लास्टिक र स्टिलका भाँडाकुँडा र नयाँ सामान गाउँघरमा पुगेका छन् । जसले गर्दा गाउँघरमा रहेका केही पुराना सामग्री नासिँदै र लोप हुँदै जाने अवस्था छ । चीनमा देखेका अधिकांश सामान हाम्रै गाउँघरमा पाइनेजस्ता थिए । साथीहरू अवतारसिंह लामा र पासाङ शेर्पाले पनि मैलेजस्तै आफ्नो गाउँघरका पुराना सामान सम्झिए । हामी एउटै निष्कर्षमा पुगेका थियौं-कथित आधुनिक भनिएका नयाँ-नयाँ सामान प्रयोग गरी हामी हाम्रो सभ्यता नै नष्ट गर्दै छौं ।'



चीनमा देखेका अधिकांश सामान हाम्रै गाउँघरमा पाइनेजस्ता थिए । साथीहरू अवतारसिंह लामा र पासाङ शेर्पाले पनि मैलेजस्तै आफ्ना गाउँघरका पुराना सामान सम्झिए । हामी एउटै निष्कर्षमा पुगेका थियौं-कथित आधुनिक भनिएका नयाँ-नयाँ सामान प्रयोग गरी हामी हाम्रो सभ्यता नै नष्ट गर्दै छौं ।

सिरेमिक संग्रहालय चीनको पहिलो र ठूलो कला संग्रहालय मानिन्छ । यो आधिकारिक रूपमा सन् १९५४ जनवरीमा स्थापना भएको रहेछ । यसले चार हजार ५०० वर्गमिटरभन्दा बढी क्षेत्रफल ओगटेको रहेछ । संग्राहलयमा 'नियोलिथिक एज'देखि मुख्यतया हान र ताङ राजवंश र अन्य राजवंशका २० हजारभन्दा बढी महत्त्वपूर्ण सामग्री संग्रहित गरी राखिएका रहेछन् । त्यहाँ ५०० भन्दा बढी बहुमूल्य सांस्कृतिक अवशेषका साथै कचौरा, प्लेट, कप, ससर, जग, बोतल, जार र मूर्तिकला राखिएका रहेछन् ।

चीनमा धेरै संग्रहालय फरक-फरक विशेषता र उद्देश्य बोकेर स्थापना भएका छन् । कुनमा नयाँ र फरक सामग्री छन् भन्ने प्रतिस्पर्धाले पनि संग्रहालयप्रति आममानिसको विशेष चासो पाएँ । हाम्रोतिर अहिले पनि बजारका नयाँ-नयाँ सामान बोकेर गाउँमा साट्न जान लागेका व्यापारी देख्छु । यसबारे न जनप्रतिनिधिको ध्यान गएको छ, न सरोकारवाला निकायकै । पुराना सामान संरक्षण गरेर राख्न सके भावी पुस्तालाई इतिहास बन्थ्यो । खोइ त यसबारे चासो र चिन्ता ?

साहित्य महोत्सवमा सबाल्टर्न



बिपीलाई कांग्रेसको चारभञ्ज्याङमा मात्रै सीमित गरिनुहुन्न भन्नेहरू भेटिए, महामानवको चुचुरोमा चढाउनुहुन्न भन्नेहरू पनि भेटिए



डा. तारालाल श्रेष्ठ
shresthatara@gmail.com

सन्दर्भः बिपीजयन्ती

यस महोत्सवको सबैभन्दा सुन्दर पक्ष थियो, समाजवाद र बिपीबारे स्वतन्त्र बहस । आलोचनात्मक अभिव्यक्तिले तीन दिनभर स्थान पाइरह्यो । महामानव बिपी बिम्बले बढी ताली पायो, तर आलोचनात्मक अभिव्यक्तिले गाली खाएनन् ।

कुनै पार्टीको केन्द्रीय कार्यालयमा यतिसम्म सहजै आलोचना पोख्न सक्नु लोकतन्त्रकै देन होला । महिला, जनजाति, दलित, मधेसीले उकुसमुकुस पोख्न पाए । इन्द्रेणी आवाज अलिकता अटायो ।

नेपाली कांग्रेसले इतिहासमै पहिलोपटक बहुदिवसीय बिपी साहित्य महोत्सव सम्पन्न गऱ्यो । यस महोत्सवले थुप्रै थाती रहेका गम्भीर विषय सतहमा ल्याइदिएको छ । विमर्शका क्रममा विश्व राजनीति, नेपाली समाज र बहुल संस्कृतिबारे विविध कोणबाट बिपीको सामर्थ्य र सीमाको सन्दर्भसहित नेतृत्वमाथि मूल्यांकन गर्ने आधार उजागर भएको थियो । बिपीको निर्वयक्तिक र निजत्वका अन्तरद्वन्द्वले आफ्नै स्वअवलोकनको आवश्यकता बोध गराउँथ्यो । यस आलेखमा सबाल्टर्न अध्ययन दृष्टिकोणबाट बिपी साहित्य महोत्सवको वैयक्तिक अनुभव अनुभूतिसहित विवेचना गर्ने चेष्टा गरेको छु ।

कस्तो बिपी ? कसको बिपी ?

महोत्सवको पहिलो दिन नेपाली कांग्रेस केन्द्रीय कार्यालय सभाहल भरिभराउ थियो । उभिएरै एक घन्टा वृत्तचित्र 'प्रजातन्त्रका लागि अपहरण' हेर्नुपऱ्यो । तीस लाख भारु लुट्नका लागि विराटनगरबाट नेपाल वायुसेवा निगमको हवाईजहाज फारबेसगन्ज भारत पुऱ्याइएको दृश्यले नेपाली राजनीतिक यात्रै नभई सामाजिक इतिहास बोध गरायो । अपहरणकारी, विमान चालक, सहचालक, यात्री र प्रत्यक्ष सरोकारवालाको विचारसँगै अपहरित हवाईजहाज उडिरहेको दृश्य अनौठो देखिन्थ्यो । जब सभापति शेरबहादुर देउवाको उपस्थितिमा डकुमेन्ट्री प्रदर्शनी सम्पन्न भयो, तब अपहरणकारीमध्येका एक वसन्त भट्टराईले भने, 'हामीले आफू पटक-पटक मन्त्री, प्रधानमन्त्री बन्न हवाईजहाज अपहरण गरेका थिएनौं । यस्तो कष्टले निर्माण भएको पार्टी अहिले कसैलाई कमाई खाने भाँडो भयो । गाउँघरतिर जाँदा कांग्रेसी भन्दा कान थुन्नुपर्ने अवस्था किन आयो ? के बिपीले यस्तै देख्न चाहेका थिए ? ती जनतालाई खुसी पार्ने काम गर्नुस्, हामीलाई केही चाहिँदैन ।' भरिभराउ सभाहल तालीले तिर्मिरायो ।

सभापतिको बाहुलीबाट बिपीको जन्मदिवसको बिम्बस्वरूप ११० बेलुन उडाइयो । मंगलधुनसहित शक्ति अबउप्रान्त सीमान्तकृत सबाल्टर्नको पोल्टामा पुऱ्याउने उद्घोष भयो । इतिहास सच्याइने, आत्मशुद्धीकरण र आत्मानुशासन स्थापित गर्ने विचार व्यक्त भयो । भावुकताको गहिराइबाट बिपीको मूर्तिमा माल्यार्पणपछि गमलामा मलसिञ्चनसहित साहित्य सम्मेलनको भव्य समुद्घाटन भयो । अभि सुवेदीको साहित्यिक सम्भाषण, बीच-बीचमा झाँकीहरू र प्यानल बहसले साहित्य महोत्सवमा रौनकता थपिँदै गयो । विदेश काम खोज्न हिँडिरहेका झुत्रेझाम्रे जनताको लुगा राणाशासकलाई पठाउने परिवारमा जन्मिएर बाल्यकालमै निर्वासित जीवन भोगेका बिपी । मऱ्यो भने कात्रो पठाउन तयार तर विद्रोह नरोक्ने अठोट बोकेकी आमाका छोरा । विधवा बिहेलाई स्विकार्ने प्रगतिशील व्यक्ति । महामानव बिपी । अनेक शब्दबिम्बले बिपीको महिमागान भयो । यद्यपि, मार्क्सवादी कि गान्धीवादी, क्रान्तिकारी कि विद्रोही बिपी ? बिपीको विविध स्वरूपको बिम्बमाथि प्रश्न पनि उठ्दै गए ।

कृष्ण खनालको तर्कले धेरैलाई तान्यो । बिपीलाई बिपी के कुराले बनायो ? समय चेतना र चिन्तनले अनि सामान्य जीवनशैली र भद्रताले बिपीलाई महान् बनायो । तर, त्यसैको अहिले बडो खडेरी देखिएको छ । बिपी दर्शन कुन कांग्रेसी सुन्न चाहन्छ, बोध गरेर व्यवहारमा लागू गर्न चाहन्छ ? अहिलेको नेतृत्वभित्र अहंकार मात्रै बाँकी छ । म ठूलो नेता भन्ने घमण्ड छ, जुन बिपीको विचारसँग पटक्कै मेल खाँदैन । बिपीले ठूलो होइन, असल नेता खोजेका थिए । त्यस्तो चरित्रविनाको रूप मात्रै नेतृत्वमा बाँकी रहेको अभिव्यक्तिले समारोह गुञ्जियो । रंगीन समारोहस्थल क्रमशः प्रतिरोधी चेतना प्रवाहले थप रातोपिरो हुँदै गयो । बिपीलाई महामानव मान्नेहरू छन्, नमान्नेहरू छन् । गान्धीको प्रभावले महान् मान्नेहरू छन् । गान्धीको प्रभावले बर्बाद बनायो भन्नेहरू पनि भेटिन्छन् । समकालीन अम्बेडकरबारे किन बिपीले केही बोलेनन्, लेखेनन् ? बरु कामुका बारेमा बोलेका छन् । यौन मनोविज्ञानमा डुबेका देखिन्छन् । आँखैअघिको जातप्रथाबारे किन मौन छन् ? बिपीले जातपातसहितकै समाजवाद चाहेका थिए ? क्षेत्रीय तथा अन्य उत्पीडनबारे पनि बिपी मौन बसे ? अरुन्धती रोयले अम्बेडकर पढेपछि गान्धीप्रति आलोचक बनेकी थिइन् । महात्मा गान्धीलाई माहाआख्यानबाट बाहिर र अम्बेडकरलाई भित्र पसाउनुपर्ने बोध गरेकी थिइन् । बिपीबारे खोज गरिन् भने रोयले के भन्लान् भन्ने भान भयो । बिपीलाई महामानवको चुचुरोमा राख्ने होइन, अहिलेको बढ्दो जातीय क्षत्रीय द्वन्द्वात्मक जमिनमै टेकाउनु उचित हुन्छ भन्ने लाग्यो । बिपीले नसोचेको गणतन्त्र देशमा आयो । सबाल्टर्न जनताले के पायो ? प्रश्नहरू धेरै सलबलाए ।

केदारभक्त माथेमाको सम्भाषणले शिक्षालय पनि कसरी कुलीनकै कब्जामा छ भन्ने छर्लंगै देखाइदियो । शिक्षा निजी होइन, सार्वजनिक हुनुपर्छ । सबै तह र तप्काका छोराछोरी एउटै छानामुनि अन्तरघुलित भएर पढ्नुपर्छ । स्वास्थ्य सुविधा पनि सबैका लागि समान हुनुपर्छ । संसद् भवनमा प्रतिनिधित्व सबैको समान हुनुपर्छ । यी भन्ने कुरा मात्रै भए । शिक्षा, स्वास्थ्य, सार्वजनिक क्षेत्र सबै वस्तुकरण गरिएको छ । अनि बिपीको समाजवाद संकटमुक्त कसरी रहन सक्छ ?


सीके लालले भनेझैं कर्मविनाको आशा, पपुलिजम हाबी हुँदै गएको समयमा प्रश्नलाई सामना गर्ने सामर्थ्य गुमाएका आलोचनात्मक चेतविहीन अभियन्ता आफैंप्रति इमानदार भएनन् । आफ्नो द्विविधा स्पष्ट राख्ने बिपीका चेलाहरू अदृश्य शक्तिसँग उठबस गरिरहेका कुरा उठे, जहाँ विचार शून्य राजनीतिक मैदानमा सत्ता भोका गोरुलाई हरियो घाँस बनेको विमर्श चल्यो । 'मेरी नहीं तो किसीकी नहीं' पाराले स्वार्थमा लिप्त आजको समाजले बिपी बुझ्नेनन्, बिपीले पनि आजको समाज बुझ्नेनन् ? प्रश्नहरू धेरै उठेका छन् ।

सबाल्टर्नको शक्तिको दुरुपयोग

केदारभक्त माथेमाको सम्भाषणले समाजवादी सपना असमावेशी संस्कारका कारण संकटमा सुस्ताइरहेको स्पष्ट देखाइदियो, विश्वविद्यालयसमेत । आहुतिले त्यही चिराबाट ऐतिहासिक महाभूलको मुस्लो

नूतन शैलीमा बुद्धकालीन समाज

बौद्ध अध्ययन र समाज अध्ययनका शोधकर्ताहरूले यो एउटै पुस्तकबाट सापेक्षिक ज्ञान आर्जन गर्न सक्ने देखिन्छ



हरिबोल काफ्ले

समीक्षा

बुद्धको जीवन वर्णनातित छ । बुद्धको जीवन रहस्योद्गार गर्दा बुद्धकालीन समाजको अवस्थिति एवं चरित्रहरूको सापेक्ष अध्ययन जरुरत छ । त्यसैगरी, समाज अध्ययन आफैंमा बहुविधागत विषय हो, जसअन्तर्गत इतिहासदेखि भूगोल, राजनीतिदेखि विज्ञान एवं सामाजिक विज्ञानदेखि जीवनदर्शनलगायतको एकीकृत अध्ययन हुन्छ । यस दृष्टिकोणमा सबै आयामको सन्तुलित उपयोग र विश्लेषण गरेर मात्र बुद्धकालीन समाजको अध्ययनको पूर्णता प्राप्त गर्न सकिन्छ ।

हालसालै समाज अध्ययनको दृष्टान्तको रूपमा लेखक उमाकान्त पौड्यालको पुस्तक 'बुद्धकालीन समाज'लाई फाइनप्रिन्टले प्रकाशनमा ल्याएको छ । पाली त्रिपिटकको साक्ष्यमा प्रस्तुत पुस्तकले तत्कालीन राज्यहरू, राज्यव्यवस्था, संस्कृति, भूगोल र अर्थविज्ञानसहितका सामाजिक आयाम समेटेको छ । उल्लेखित आयामको वर्णन र विश्लेषणमा केन्द्रित पुस्तकमा समाजको नैतिक मूल्य, मनोविज्ञान, दर्शन, मानवीय चेतना, कला र परम्पराजस्ता समाजका चरित्र एवं तत्त्वमा लेखकीय टिप्पणीसमेत भेटिन्छ ।

समाज अध्ययनको विधामा बौद्ध दर्शन र इतिहासको पाटोलाई एउटै अन्तर्विषय अर्थात् 'इन्टरडिसिप्लिनरी'को प्रारूपमा पुस्तक प्रस्तुत भएको छ, जुन प्रयोगलाई समाज अध्ययनको नुतन प्रारूप भन्दा फरक पर्दैन । पुस्तकमा सोध र अनुसन्धानको मात्रा र विधालाई पनि भरपुर उपयोग गरिएको छ । समाजका चरित्र निरन्तर परिवर्तनशील छन्, अर्थात् सबै अनित्य छ, तर पनि सोध र अनुसन्धानमार्फत २६ सय वर्षअगाडिको समाजलाई स्पर्श गर्न सक्ने स्थितिमा लेखक पुगेका छन् ।

मूल खण्डका रूपमा १० अध्याय र अतिरिक्त परिशिष्टांकसहित दुई सय ९६ पानामा पुस्तक सजिएको छ । प्रसंगसँगै सन्दर्भसूचीलाई यथास्थानमा प्रस्तुत गरिएको छ, जसले कथनी र भाष्यको गहिरो पडताल गर्न चाहने अध्येतालाई सजिलो हुने देखिन्छ । साथै, सन्दर्भ-सूचीलाई पुनर्संग्रह गरी प्रस्तुत गरिएको छ, र परिशिष्टांकमा कठिन शब्दहरूको भावार्थ राखिएको छ । यस अर्थमा लेखक आफैं पाठकको सहजताका लागि सचेत देखिएका छन्, र बौद्ध दर्शनको मूल्य र मान्यतालाई सामान्य पाठकसम्म पुऱ्याउने चेष्टा गरेका छन् ।

समाज अध्ययनमा तत्कालीन राज्य र त्यसको विकासक्रम, राज्यव्यवस्थाका परिणति, भूगोल र समाजका संयन्त्रका बारेमा उल्लेख हुनु आवश्यक थियो । बुद्धका जीवनसँग अन्तर्सम्बन्धित र बुद्धको आगमनपछि समाजले अंगीकार गरेको मूल्य र मान्यतालाई समाजको चरित्रका रूपमा रहनु सापेक्ष नै हुन्छ । साथै, समाज परिवर्तनको छनक र बुद्धविचार प्रभावका बारेमा पनि अध्येताहरू सुसूचित हुनुपर्दछ । अर्थात्, सारमा बुद्धकालीन समाजको पनि अवस्थिति एवं चरित्रको अध्ययनविना बुद्धको जीवनीको अध्ययन कतिपय सन्दर्भमा अपूर्ण हुने देखिन्छ । बुद्धवचनमा उल्लेख छ, 'दुःख अनित्य छ, र त्यो नारी चरित्रमा झन् अतिरिक्त छ । जन्मघरको त्याग, मासिक धर्म, गर्भाधान र प्रसव पीडा र ममताको वात्सल्यको रूपमा रहेको थप दायित्वले दुःख निर्विघ्न छ ।' अर्थात्, तत्कालीन समाजका कतिपय भेद सामान्य व्यक्तिका लागि रहस्यमय नै छन्, र त्यसको खोजी गरेर सरल भाषामा प्रस्तुत गर्नु



देखाइदिए । बिपी र पुष्पलाल दुवै र दुवैका चेलाहरूले नेपाली समाजको असली चरित्रको अध्ययन विश्लेषण नगरीकन राजनीति गरिरहेको विषय बहसमा आए । बिपी कांग्रेसको चारभञ्जाङमा मात्रै सीमित हुनुहुन्न भन्नेहरू भेटिए । बिपीलाई महामानवको चुचुरोमा चढाउनुहुन्न भन्ने भाष्य जबर्जस्त उठ्यो । बिपी मार्क्सवादी थिए, समाजवादी सिद्धान्तबाट प्रभावित । आनन्द कुमारले बिपी गान्धीभन्दा बढी भाग्यमानी बताए (पुष्पलाल पनि) । किनकि भारतमा कुनै आधिकारिक समाजवादी दल अस्तित्वमा आएन, नेपालमा आए । समाजवादी बत्तीमा जसोतसो तेल थप्नेहरू थुप्रै उदाएर समाजवादी दीप निभ्न दिइएको छैन नेपालमा । यो काम संस्थागत रूपमा भारतीय समाजवादी दलले आजसम्म गर्न नसकेको उनको दाबी थियो । यद्यपि, लोकतन्त्र खतरामा परेको छ, किनकि समाजवादी दर्शनअनुरूप एउटा भूमिसुधारसम्म भएको छैन, सबै समृद्धि मात्रै भनिरहेछन् । पुँजीवादले सबै संस्कृति खर्लप्पै खाइसक्यो । सबै सम्पन्नता चाहन्छन्, समता चाहन्न् । पुँजीवादको हैकमले यही चाहन्छ । समता दलभित्र, समाजमा कतै चाहन्नन् । चुनाव जितेपछि सबै साढे बन्छन् । सत्तामा पुग्नेबित्तिकै समताका मुद्दा छाडिदिन्छन् । सम्पन्नताको मात्रै कुरा गर्छन् । दक्षिण एसियामै समाजवाद संकटग्रस्त रहेको कुमारको तर्क थियो ।

बिपीले समाजवादमा पुग्ने दुईवटै बाटो प्रयोग गर्न खोजे । अपहरणकारी अनुयायी जन्माए । प्रजातान्त्रिक पद्धतिको बाटो अपनाए । दुवै खतरामुक्त देखिएनन् । जननिर्वाचित सरकारसमेत टिक्न सकेन । अहिले निर्वाचनकै कारण लोकतन्त्र सबैभन्दा बढी धरापमा परेको देखिन्छ । धनतन्त्र लोकतान्त्रिक समाजवादको क्यान्सर बनेको छ । सान-सौकातकै औकात देखाएर चुनाव जित्नुपर्ने रोगले सबैलाई नराम्ररी गाँजेको छ । कुमारले भने, 'पुँजीवादी औषधिले आमा मारिसक्यो, बुबाको उपचारका लागि उही औँषधालय जाने कि नजानेको अवस्थामा समाजवादी फसेका छन् । पुँजीवाद असफल भइसक्यो । अब जाने कहाँ, सामन्तवाद तथा साम्राज्यवादमा पक्कै होइन । जाने लोकतान्त्रिक समाजवादमै हो । तर चीन, रुस, युरोपजस्तो हाम्रो समाज होइन, जहाँ जात व्यवस्था छैन । यहाँ जात व्यवस्था छ । जसले दमनको संरचना हुर्काइरहेको छ ।' क्लास क्यारेक्टर परिवर्तन गर्न सकिएला, तर कास्ट क्यारेक्टर कसरी बदल्ने, जसले सबाल्टर्न उत्पादनको कारखाना निरन्तर चलाइरहेको छ । यसर्थ शान्तिको नारा होइन, सिर्जनात्मक क्रान्ति अपरिहार्य देखिन्छ । साहित्यले त्यस्तो सांस्कृतिक क्रान्तिलाई सघाउन सक्छ । जुन आजसम्म वामपन्थी तथा गैरवामपन्थी दुवै आन्दोलनले बेवास्ता गरिआए । बिपीले क्रान्ति, विद्रोहका कुरा गरे । सांस्कृतिक क्रान्तिको अपरिहार्यतालाई अपनाएनन् । सांस्कृतिक क्रान्ति स्विकार्न सहज थिएन । बहुमत आफ्नै वर्ग समुदाय त्यसका लागि तयार थिएनन् । आज पनि तयार देखिन्नन् ।

समाजवादको सपना-विपना

यस महोत्सवको सबैभन्दा सुन्दर पक्ष थियो, समाजवाद र बिपीबारे स्वतन्त्र बहस । आलोचनात्मक अभिव्यक्तिले तीन दिनभर स्थान पाइरह्यो । महामानव बिपी बिम्बले बढी ताली पायो । आलोचनात्मक अभिव्यक्तिले गाली खाएनन् । बाबुराम भट्टराईले बढी पेचिला प्रश्न पाए । आहुतिले आलोचनात्मक आगो सल्काए । कुनै पार्टीको केन्द्रीय कार्यालयमा यतिसम्म सहजै आलोचना पोख्न सक्नु लोकतन्त्रकै देन होला । महिला, जनजाति, दलित, मधेसीले उकुसमुकुस पोख्न पाए । इन्द्रेणी आवाज अलिकता अटायो । बिपीले १५ वर्ष पाएनन्, तिमीहरूले पाएर पनि के गऱ्यौ भन्ने प्रश्नको सामना नेताहरूले गरे । प्रजातन्त्रवादी, वामपन्थी तथा स्वतन्त्र समूह एउटै मञ्चमा उपस्थित दृश्य लोभलाग्दो देखिन्थ्यो । एउटै प्यानलमा स्तूतिगानसँगै प्रतिरोधी चेतना प्रस्फुटनले अद्भूत आनन्द दिन्थ्यो ।

> बिपीको समाजवादको केन्द्रमा सधैँ गाउँ र किसान हुन्थ्यो । ती गाउँ, किसान कहाँ, कस्तो अवस्थामा छन्, अहिले कसैलाई मतलब छैन । जल-जमिन-जंगलसँग नेताहरूको नाता टुटिसकेको छ । सबाल्टर्न दृष्टिकोणबाट साहित्य सम्मेलनलाई अवलोकन गर्दा बिपीको समाजवाद संकटग्रस्त देखियो ।

साहित्य महोत्सवमा राजनीतिक विषय हाबी देखिन्थ्यो । बिपीको निधनपछि प्रजातन्त्रको पुनर्स्थापना भयो । देशमा गणतन्त्र र संघीयता स्थापना भयो । बिपीले नबोलेका विषयमा बिपी महोत्सवमा विमर्श चर्किंयो । बिपीले प्रजातन्त्र (लोकतन्त्र), व्यक्तिगत स्वतन्त्रता भनिरहे, लेखिरहे । लोकतन्त्र हुँदैमा देश बलियो हुँदैन रहेछ । लोकतन्त्र नहुँदैमा पनि देश बलियो थिएन । अहिले देश अरू कमजोर देखिँदै छ । सत्ता राजनीतिको लगाम पार्टीहरूको हातमा छैन । समाजवाद पुँजीपतिको अस्पतालमा उपचाररत देखिन्छ । यसको प्रमुख दोषी सबाल्टर्न समुदाय होइनन् ।


'मिनिमालिस्ट' विचार बोकेका बिपी र पुष्पलालका चेलाहरूको जीवनशैली, साइकल चढेर हेर्दा निकै भड्किलो देखिँदै छ । समाजवादका पहरेदार पुँजीवादबाट दमित देखिन्छन् । बिपीको समाजवादको केन्द्रमा सधैँ गाउँ र किसान हुन्थ्यो । ती गाउँ, किसान कहाँ कस्तो अवस्थामा छन् अहिले कसैलाई मतलब छैन । जल-जमिन-जंगलसँग नेताहरूको नाता टुटिसकेको छ । सबाल्टर्न दृष्टिकोणबाट साहित्य सम्मेलनलाई अवलोकन गर्दा बिपीको समाजवाद संकटग्रस्त देखिन्छ । सबाल्टर्न जनता दमित रहुन्जेल समाजवाद बलियो बन्दैन, बनेन । यद्यपि, बिपी, पुष्पलालका चेलाले सामूहिक ढंगले चाहेमा समाजवाद व्यवहारमा लागू गर्न सकिन्छ, किन सकिन्न ?

आवश्यक थियो । यी समग्र विषयहरूको कार्य वा कारण खोज्न पुस्तक सफल भएको छ, र पुस्तकको तयारी नै कार्यकारण सिद्धान्तबाटै प्रेरित थियो भन्दा फरक पर्दैन ।

इतिहास कसैको बर्खिलाप हुनुहुँदैन र इतिहास लेखन विभेदमुक्त हुनुपर्छ भन्ने मान्यतालाई सँगसँगै भरपुर उपयोग गरिएको छ । प्रसंगमा यस्तो भेटिन्छ-

उत्सव र रमाइलो धन हुनेहरूका लागि मात्रै थियो । हातमुख जोर्न कठिन हुने गरिबका लागि उत्सवको खासै महत्त्व हुँदैनथ्यो । एक त धन नभई उत्सव र रमाइलोको अनुभूति गर्न सकिँदैन्थ्यो । दोस्रो, उत्सव हेर्न थाल्दा मुखमा माड लाग्दैनथ्यो । यसैले ज्याला-मजदुरी गरेर पेट पाल्नेहरू उत्सव हेर्नुको सट्टा गोरु लिएर खेत जोत्न जान रुचाउँथे । (पेज नं. १९५)

लेखकको यो चेतना प्रशंसनीय छ, किनकि समाजको तल्लो वर्गलाईसमेत न्याय हुने दृष्टिकोण उपयोग भएको छ । कताकति समाजको अतिरिक्त बुद्धको जीवन र जगत्को हितअनुकूल बुद्ध उपदेश र वचनलाई उजागर गर्ने कोसिस गरिएको छ । बुद्ध परम्परादेखि बुद्धसम्मका प्रसंगको घनत्वले समाज अध्ययनका अतिरिक्त विषयमा पनि लेखक प्रवेश गरेको अनुभूति हुन्छ । तर, बुद्धको जीवनमा घटित घटनाहरू र त्यसको सामाजिक प्रतिक्रियाबारेका बहसमा बुद्ध परम्परादेखि बुद्धसम्मका प्रसंग उद्गागित भएकाले त्यो पक्ष पनि प्रस्तुतिमा आवश्यक देखिन्छ । लेखकले त्यो पक्षसमेत जति आवश्यक छ, तौलिएर त्यति नै मात्रामा पस्केका छन् भन्दा अत्युक्ति हुँदैन ।



लेखकको यो चेतना प्रशंसनीय छ, किनकि समाजको तल्लो वर्गलाईसमेत न्याय हुने दृष्टिकोण उपयोग भएको छ । कताकति समाजको अतिरिक्त बुद्धको जीवन र जगत्को हितअनुकूल बुद्ध उपदेश र वचनलाई उजागर गर्ने कोसिस पनि गरिएको छ ।

लेखकको पनि तर्क छ, घटना र त्यसको सामाजिक प्रतिक्रियाको समीक्षागत प्रस्तुतिले विषयको विवेकपूर्वक सत्यता परीक्षण गर्दछ, र त्यो आवश्यक हुन्छ । प्रामाणिकताको खोजीमा तथ्यको पटक-पटकको परीक्षणले विषयको अन्तिम निचोड फेला पार्ने हो, र त्यो पद्धतिलाई प्राज्ञिक क्षेत्र र तहमा समेत स्वीकार हुने गर्दछ । यस अर्थमा पुस्तकलेखनले त्यो बाटो रोज्नु सराहनीय छ । समाज अध्ययनको विधाले समग्र समाजको तात्कालिक मूल्य र मान्यताको पृष्ठपोषण गर्ने काम गर्दछ, र जसको ध्येय विचार र तर्कहरूको विकास गर्न सहयोगसिद्ध होस् भन्ने पनि हो । यस अर्थमा पनि पुस्तकको समग्र प्रस्तुति दरिलो र खँदिलो छ ।

पुस्तक समाज अध्ययनको अतिरिक्त बुद्धको जीवन र जगत् अनुगृहित उपदेश सारलाई समेत लोकभावानामा अंकुरित गराउने कोसिस गरेको छ । एउटा युगको समाजलाई नै केन्द्रमा राखेर त्रिपिटकको साक्ष्यमा लेखिएका परिघटनाहरूको सम्बन्ध समाज चरित्र र विषयसँग सम्बन्धित हुने नै भयो, तर सामाजिक अर्थबोध र वर्तमानलाई समेत दिशाबोध हुने गरी लेखिनुले पनि समग्र लेखनी औचित्यपूर्ण हुने देखिन्छ । यस अर्थमा बुद्ध परम्परा हुँदै बुद्धसंघका प्रसंगको घनत्वसमेतका विषयले बौद्ध अध्ययन र समाज अध्ययनका सोधकर्ताहरूले एउटै पुस्तकबाट सापेक्षिक ज्ञान आर्जन गर्न सक्ने देखिन्छ ।

जब पत्रकारिता नै साम्प्रदायिकताको अस्त्र बन्छ तब विरोध कसरी गर्ने ?



के साम्प्रदायिकताको विरोध गर्नु पत्रकारिताको विरोध गर्नु हो ? जब साम्प्रदायिकता र पत्रकारितामा कुनै भिन्नता रहन्न भने यस अवस्थामा के गर्ने ? के साम्प्रदायिक पत्रकारितालाई पत्रकारिताको सैद्धान्तिक एवं व्यावहारिक संहिताअनुरूप संरक्षण दिनु आवश्यक छ ? यदि कोही हत्यारा समाचारवाचक बन्छ वा समाचारवाचक बनेर हत्याका लागि उक्साउँछ भने पत्रकारिताका लिखित एवं अलिखित संहिताअनुसार त्यस्ता व्यक्तिको बचाउ गर्न मिल्छ ?

यी प्रश्नको उत्तर नखोजेर 'इन्डिया गठबन्धन'ले द्वेष ओकल्ने १४ जना टेलिभिजन च्यानलका समाचारवाचकलाई बहिष्कार गर्ने कदमलाई पत्रकारितामाथिको हमला भन्नु पत्रकारिताका नाममा साम्प्रदायिकतालाई जोगाउने काम गर्नु हो ।

जुन टेलिभिजन च्यानलका समाचारवाचकको बहिष्कार भएको छ के ती च्यानलले आफ्नो बयानमा 'इन्डिया गठबन्धन' का आरोप गलत हो भनेका छन् ? के यी च्यानलका समाचारवाचकले साम्प्रदायिकता भड्काउँदैनन् वा 'द्वेषयुक्त अभिव्यक्ति' दिन्नन र ? टेलिभिजन च्यानलले नै आफ्ना समाचारवाचकको बचाउ किन गरेनन् ? वास्तवमा भारतीय जनता पार्टी (भाजपा) यी च्यानलभन्दा बढी सक्रिय भएर यी समाचारवाचकको बचाउ गरिरहेको छ ।

यहाँ सबैलाई थाहा छ भाजपा पत्रकारिता नभई द्वेषयुक्त अभिव्यक्तिको बचाउ गरिरहेको छ किनभने यसले भाजपाको राजनीतिलाई सघाउँछ । मोदी सरकारका मन्त्री यो बहसमा पत्रकारिताका लागि लागिपरेका होइनन् । यो मामिलामा यिनको रवैया निकै खराब छ । कतै भाजपाको चिन्ता 'इन्डिया गठबन्धन'को यो कदमले साम्प्रदायिक राजनीतिको सबैभन्दा ठूलो मोर्चा बनेको गोदी मिडिया जनतामाझ राजनीतिक मुद्दा बन्नेछ भन्ने हो ?

समाचार च्यानलको एक संगठन न्युज ब्रोडकास्टर्स एन्ड डिजिटल एसोसिएसन (एनबिडिए)को बयानमा (इन्दिरा गान्धीका वेलाको जस्तै) संकटकाल भयो भनेर चर्चा त गरिएको छ, तर बहिष्कार गरिएका समाचारवाचकले द्वेषयुक्त अभिव्यक्ति फैलाउँदैनन् भनेर एक वाक्य पनि लेखिएको छैन । टेलिभिजन च्यानलको स्वनियामक निकाय न्युज ब्रोडकास्टर्स एन्ड डिजिटल स्ट्यान्डर्स अथोरिटी (एनबिडिएसए)ले नेटवर्क-१८ का समाचारवाचक अमन चोपडाका दुई साम्प्रदायिक कार्यक्रमका लागि जरिवाना सजाय दिएको थियो । यसकारण एनबिडिएको प्रेस विज्ञप्तिमा द्वेषयुक्त अभिव्यक्तिसम्बन्धी एक शब्द पनि उल्लेख गरिएको छैन जब कि सम्पूर्ण बहस टेलिभिजन च्यानलका समाचारवाचक आफ्नो कार्यक्रममा द्वेष फैलाउँछन् भन्नेमा केन्द्रित छ ।

एनबिडिएले यो मुख्य प्रश्नमा मौनता किन साधेको छ ? के यो पत्रकारिताका नाममा साम्प्रदायिकताको बचाउ गर्नु होइन र ? च्यानल र एनबिडिए द्वेषयुक्त अभिव्यक्ति रोक्छौं किन भन्दैनन् ? जब पत्रकारिता साम्प्रदायिकताको ध्वजावाहक बन्छ तब त्यसको विरोध राजनीतिक कोणबाहेक अर्को कोणबाट हुन सक्छ ? यो प्रश्नको जवाफ नदिईकन 'इन्डिया गठबन्धन'को रवैया ठिक हो वा होइन भनेर बहस गर्नुको कुनै तुक छैन । तर, 'इन्डिया गठबन्धन'ले आफ्ना कार्यकर्ता र समर्थकलाई अपिल गरेर बहिष्कार गरिएका पत्रकारको ट्रोल नगर्न, धम्की नदिन भन्नुपर्छ । यो एक राजनीतिक लडाइँ हो र लडाइँ लोकतान्त्रिक हुनुपर्छ न कि भाजपाको जस्तो । एक पृथक् राजनीतिक समाजको निर्माण गर्नु पनि विपक्षको जिम्मेवारी हो ।

'इन्डिया गठबन्धन'को बहिष्कारको निर्णयलाई लिएर दुई किसिमका आलोचना सतहमा आएका छन् । पहिलो आलोचना बहिष्कृत हुने टेलिभिजन समाचारवाचक, च्यानल र भाजपाबाट आएको छ जहाँ बहिष्कारलाई लोकतन्त्रमाथिको हमलाको संज्ञा दिइएको छ । यी तिनै पक्षमा देखिएको समानता कुनै कोणबाट अस्वाभाविक होइन । दोस्रो आलोचना यस्तो तप्काबाट आएको छ जहाँ बहिष्कारको कदम चाल्नु विपक्षीको अधिकार भए पनि समाचारवाचकको नाम प्रकाशित गर्नु हुँदैनथ्यो भन्ने मान्यता राखिएको छ । यो तप्काले बहिष्कार पत्रकारिताका लागि खतरनाक मान्छ । रोचक कुरा के छ भने पत्रकारितालाई क्षति पुग्नका लागि यी समाचारवाचकका च्यानलमा पत्रकारिता नै हुँदैन । सागरिका घोष, वीर सांघवी, राजदीप सरदेसाईले नाम किटेर बहिष्कारको आलोचना गरेका छन् । शेखर गुप्ताले बहिष्कारविरुद्ध लेख लेख्दै भाजपाले पनि पत्रकारको बहिष्कार गर्दै आएको थियो, तर 'परिष्कृत' ढंगले गरेको थियो भनेर उल्लेख गरेका छन् । के साँच्चिकै शेखरलाई सन् २०१४ देखि पत्रकारलाई जसरी कुल्चिइँदै छ त्यो 'परिष्कृत' छ भन्ने लाग्छ ?

शेखरका अनुसार एक अपवादबाहेक भाजपाले कहिल्यै औपचारिक रूपमा बहिष्कारको घोषणा गरेको छैन । तर, प्रश्न उठ्छ के त्यो बहिष्कार अपवाद थियो ? के त्यो बहिष्कार अडानीको स्वामित्वभन्दा पहिलेको एनडिटिभीमा पार्टीका प्रवक्ता नपठाउनेसम्ममा मात्रै सीमित थियो ? के उनले महिलासहितका तमाम पत्रकारलाई कसरी तारो बनाइयो कसरी पत्रकारलाई रोजगारीबाट बेदखल गरियो भन्ने बिर्सिसके ? कतिपय राज्यमा पत्रकारविरुद्ध एफआइआर नै दर्ज गरियो, पार्टीको आइटी सेलका माध्यमबाट ट्रोलसमेत गरियो, के यो सब शेखरले भनेझैं 'परिष्कृत' उपाय थियो ?

हालै भाजपाका सांसद निशिकान्त दुबेले लोकसभामा पत्रकार अभिसार शर्मा र रोहिणी सिंहको नाम लिएका थिए, के यो पनि 'परिष्कृत' उपाय थियो ? के यसरी नाम उछालिएको घटनालाई लोकसभाको कारबाहीबाट हटाइएको थियो ? शेखर गुप्ताले कमसेकम पत्रकार सिद्दीक कप्पनलाई गिरफ्तार गरेर महिनौ जेलमा राख्नु 'परिष्कृत' बहिष्कार थिएन भनेर लेख्न सक्नुपर्थ्यो ।

अडानी समूहमाथि अरबौं रुपैयाँलाई अवैधबाट वैध बनाएको आरोप लागेको छ । भाजपाले अडानीमाथि लागेको आरोपलाई 'परिष्कृत' ढंगले पचायो, तर सिद्दीक कप्पनमाथि पाँच हजार रुपैयाँलाई वैध बनाएको भन्ने आरोप लगायो । शेखरको 'परिष्कृत' बहिष्कारको तर्कले यदि सत्ताको दबाबमा कुनै समाचारवाचक वा पत्रकारलाई बेरोजगार बनाउन र भोकै पार्न निकालिन्छ वा समाचार प्रकाशनमा चारैतिरबाट रोक लगाइन्छ भने 'यो सब भइनैरहन्छ' भनेर चुप लाग्नुपर्छ भन्ने देखायो । किनभने यही नै उत्कृष्ट 'परिष्करण' हो । शेखर गुप्ताको पूरा लेख 'यो सब भइनैरहन्छ' भन्नेमा टिकेको छ ।

शेखर गुप्ता आफ्नो लेखमा 'यो सब भइनैरहन्छ' भन्ने नाममा सबै तमाम खतरालाई सतही बनाउँछन् र यसको सामान्यीकरण पनि गर्छन् । पत्रकारितामा 'यो सब भइनैरहन्छ' र विश्वभरि भैरहेको छ भनेर गरिने सामान्यीकरणसँग मेरो आपत्ति छ । र, भारतमा मिडिया पत्रकारिता व्यवहारिक संकट व्यहोरिरहेको छैन । शेखरले निकै चतुऱ्याइँपूर्वक यसलाई पत्रकारिताको मुद्दा बनाएर साम्प्रदायिकतालाई पर्दापछाडि पारिदिएका छन् । उनको पूरा लेख खतरनाक ढंगले दमनका तमाम उपायलाई सामान्यीकरण गर्छ र यसलाई पत्रकारिता पेसाको दैनिक व्यवहार समस्याको हिस्साको संज्ञा दिन्छन् ।



रविश कुमार
पत्रकारिता

> साम्प्रदायिक हिंसा हुने हरेक ठाउँमा इन्टरनेट बन्द गरिन्छ, तर साम्प्रदायिकता फैलाउने यी च्यानललाई किन बन्द गरिँदैन ? के यसबाट पत्रकारिताको साम्प्रदायिक योजनामा कसले समर्थन गरिरहेको छ भन्ने स्पष्ट हुँदैन र ?

सन् २०१६ मा जब राजस्थानमा वसुन्धरा राजेको सरकारले राजस्थान पत्रिकाको विज्ञापन रोक्यो तब पत्रिकाका मालिक एवं सम्पादक गुलाब कोठारीले यसो गर्नु तानाशाही हो भनेर पहिलो पृष्ठमा सम्पादकीय लेखेका थिए । शेखरको तर्कअनुसार गुलाब कोठारीले सम्पादकीय नलेख्नुपर्ने हो, किनभने पत्रकारितामा 'यो सब भइनैरहन्छ' । विज्ञापनका मामिलामा शेखर गुप्ता लेख लेख्दै पाना भर्दै सरकार विज्ञापन रोकिरहन्छ र यसबारेमा आफू जानकार छु भनिरहेका हुन्छन् । जानकारी लिएर के गर्नुहुन्छ ? जानकारी भएर पनि चुप लाग्नु भनेको विज्ञापन नआए नआओस्, पत्रिका र च्यानल बन्द भए होस् भन्दै कुलीन दरबारलाई प्रश्न नसोध्नु 'परिष्कृत' विधि हो ?

शेखर गुप्ता आफ्नो लेखको शेषमा द्वेषयुक्त अभिव्यक्तिका बारेमा लेख्दै निकै हल्का ढंगले द्वेष र घृणाको व्यापार छ र यसले टिआरपी बढाउँछ भन्ने उल्लेख गर्छन् । त्यसो हो भने मुकेश अम्बानीलाई किन द्वेषयुक्त बहस-सो चलाएर १०-२० करोड रुपैयाँ कमाउनैपर्ने आवश्यकता परेको होला ? के यस्ता बहस सो बन्द भएपछि अम्बानीको बंगला लिलामीमा जाने हो र ?

शेखरको प्रश्न आजका दिनमा मुकेश अम्बानी द्वेषयुक्त बहस सो किन बन्द गराउँदैनन् भन्नेमा केन्द्रित हुनुपर्ने हो ? यसको जवाफ मुकेश अम्बानीसँग छैन यसको जवाफ प्रधानमन्त्री मोदीसँग छ । यस्ता बहस सो पत्रकारिताभन्दा पनि भाजपाको राजनीतिको विस्तार हो भन्ने कसैबाट छिपेको छैन । शेखरले आफ्नो अंग्रेजी लेखनबाट साम्प्रदायिकतालाई सुन्दर एवं स्वीकृत बनाइदिएका छन् । उनले साम्प्रदायिकतालाई 'अन्य समस्या'मा झारिदिएका छन् । शेखर गुप्ताको यो लेखमा अब्बल दर्जाको अंग्रेजीबाट साम्प्रदायिकतालाई मीठो गुलाबजामुन बनाइदिएका छन् जहाँ उनी केही पनि नबोल, केही पनि नदेख र जे छ त्यसलाई चुपचाप सहनुपर्छ भन्छन् । मेरा लागि उनी उनको यो लेख पत्रकारिताका नाममा साम्प्रदायिकताको एक उम्दा बचाउ हो । वास्तवमा उनको बचाउलाई कक्षाकोठामा पढाइनुपर्छ ।

अजित अन्जुमले एबिपी च्यानलका समाचारवाचक सन्दीप चौधरीको कार्यक्रममा भाजपाले आफ्ना प्रवक्ता पठाउन बन्द गरेको लेखेका छन् । सन्दीप चौधरीको मामिलामा तपाईं बहिष्कार भएका १४ समाचारवाचकसँग तुलना गर्न सक्नुहुन्न । किनभने सन्दीप चौधरी साम्प्रदायिक कार्यक्रम चलाउँदैनन् । उनी एक पत्रकारले गर्नुपर्ने प्रश्न मात्रै गर्छन् । त्यसोभए भाजपाले उनको बहिष्कार किन गऱ्यो ? के विपक्षले गरेको बहिष्कारको विरोध गर्ने च्यानल वा एनबिडिए सन्दीप चौधरीको कार्यक्रम बहिष्कार हुँदा भारत संकटकालको युगमा प्रवेश गरिरहेको छ भनेर प्रेस विज्ञप्ति किन जारी गर्दैनन् ?

विपक्षका बहिष्कार सूचीमा परेका केही समाचारवाचकले हामी प्रश्न गर्न छोड्नेछैनौं भनेर चिच्याउन थालिसकेका छन्, तर विरोध प्रश्न गऱ्यो भनेर थिएन । विरोध त यिनका कार्यक्रमको द्वेषयुक्त अभिव्यक्ति, साम्प्रदायिक भाषा र व्यवहारमा हो । यसरी चिच्याएर विरोध गर्नेले हामीले यसरी प्रश्न गर्छौं भनेर प्रधानमन्त्री मोदी र अमित शाहलाई ट्याग गर्दै आफूले चलाउने कार्यक्रम ट्विटरमा पोस्ट गर्नुपर्छ ।

सन् २०१४ पछि यी पत्रकारको प्रश्नको के हालत भयो भनेर हामीलाई थाहा छैन र ? के जनतालाई थाहा छैन र यी पत्रकार मन्त्रीसँग कस्ता प्रश्न गर्छन् भनेर ? जब एक मन्त्रीले प्रश्न सोधेका कारण समाचारवाचकलाई जेल बसाइको याद दिलाइन्छ त्यतिवेला लोकतन्त्रमाथि हमला थिएन र ? के मन्त्रीले समाचारवाचकलाई चुप लगाएका होइनन् र ?

मुख्य प्रश्न, के एक राजनीतिक दलले साम्प्रदायिकता फैलाउने कार्यक्रममा जानु उचित हो ? यदि होइन भने के राजनीतिक दलले यो निर्णय अघोषित ढंगले लागू गर्नुपर्ने हो ? यस्ता साम्प्रदायिक कार्यक्रमको विरोध गर्नु वा कार्यक्रमलाई असहयोग गर्नु वा बहिष्कार गर्नुभन्दा उत्तम लोकतान्त्रिक उपाय के होला र ? यस्ता बहिष्कारलाई किन सार्वजनिक नगर्ने ? बहिष्कारलाई सार्वजनिक गरेर विपक्षले यदि साम्प्रदायिकताको सामना गर्ने हो भने साम्प्रदायिक बनेको पत्रकारितासँग पनि भिड्नुपर्छ भन्ने प्रस्ट गरेन र ? 'इन्डिया गठबन्धन' समाचारवाचकका कठिन प्रश्नको सामना गर्न नसकेर पत्रकारको बहिष्कार गरेका होइनन् भनेर स्पष्ट हुन जरुरी छ । बरु कुनै वेला प्रधानमन्त्री नरेन्द्र मोदी करण थापरको प्रश्नको जवाफ दिन नसकेर माइक उतारेर अन्तर्वार्ताबाट उठेका थिए । विपक्षी दलले कैयौंपटक साम्प्रदायिक कार्यक्रमलाई चुपचाप बहिष्कार गरेका छन् र यस्तो बहिष्कार शेखरले आफ्नो लेखमा लेखे मुताबिक नै गरेका थिए, तर यसले केही सुधार ल्यायो त ?

विपक्षले रातारात निर्णय गरेका होइनन् । विपक्षले १० वर्षसम्मको तमासा देखेर यो फैसला लिएका हुन् । अदालतले पनि कैयौंपटक यस्ता समाचारवाचकलाई 'अफ एयर' (कार्यक्रममा प्रसारण गर्न रोक लगाउन) गर भनेर भन्दा पनि किन अफ एयर गरिएन ? द्वेषयुक्त अभिव्यक्तिका विरुद्ध सर्वोच्च अदालतले कैयौं आदेश दिएको छ । के अदालतका आदेशअनुसार यी च्यानललाई कारबाही गरिएको छ ? यी द्वेषी कार्यक्रमका कैयौं आलोचना भइसकेका छन् । सारा मुलुकले यिनको दुष्परिणाम व्यहोरिसकेका छन् । यसका बाबजुद पनि के यी च्यानलले आफ्ना द्वेषी कार्यक्रममा रोक लगाएका छन् ?

साम्प्रदायिक हिंसा हुने हरेक ठाउँमा इन्टरनेट बन्द गरिन्छ, तर साम्प्रदायिकता फैलाउने यी च्यानललाई किन बन्द गरिँदैन ? के यसबाट पत्रकारिताको साम्प्रदायिक योजनामा कसले समर्थन गरिरहेको छ भन्ने स्पष्ट हुँदैन र ?


साम्प्रदायिकताविरुद्ध कुनै पनि लडाइँ गुपचुप ढंगले सम्भव हुँदैन । यदि साम्प्रदायिकताको विरोध गर्नु छ भने फरक-फरक ठाउँमा विरोधका नियम फरक हुन सक्दैनन् । गोदी मिडिया साम्प्रदायिकताको सबैभन्दा ठूलो मञ्च हो भन्ने थाहा पाउँदापाउँदै पनि पत्रकारिताका नाममा हुने साम्प्रदायिकताको विरोध गर्नु पत्रकारिताको विरोध हो त ? मैले यही प्रश्नबाट यो लेख लेखेको थिएँ र यही प्रश्नबाट लेखको बिट मार्छु ।

(भारतीय पत्रकार रविश कुमारको 'द वायर'मा प्रकाशित यो लेख **दिनेश पन्त**ले अनुवाद गरेका हुन् ।)

स्मृतिमा प्रिय मित्र भैरव अर्याल



भैरव रिसाल



सन्दर्भ : भैरव अर्याल जन्मजयन्ती

हामी दुवैको नाम 'भैरव' भएकाले आजसम्म पनि धेरैले मलाई भैरव अर्याल नै ठान्ने गरेको पाएको छु। उनी बित्दा पनि धेरैले मै बितेको ठानेका रहेछन्। उनले पुरस्कार थाप्दा बधाई मैले पाउँथें। यी र यस्ता अनगिन्ती सम्झना छन्, आत्मीय मित्र भैरवजीसँग जोडिएका।

२०१४-१५ सालमा तत्कालीन चर्चित दैनिक 'हालखबर'मा आबद्ध भएसँगै दाताराम शर्मा (सम्पादक) सँग मेरो घनिष्ठ सम्बन्ध हुन थाल्यो। शर्मा हालखबरमा 'हाँस्नु हुन्छ' भने शीर्षकमा कडा व्यंग्य लेख्थे। सायद, शर्माका त्यस्ता व्यंग्य लेखबाट प्रभावित भएर होला, भैरवजी 'हालखबर'को कार्यालयमा शर्मालाई भेट्न आए। त्यसपछि भैरवजी भोलिपल्ट, पर्सिपल्ट नियमित 'हालखबर'को कार्यालय आएको मलाई थाहा छ। अर्यालजीको अक्षर निकै राम्रो, सम्पादकलाई चिठी र केही हास्यव्यंग्य सामग्री लिएर उनी आउँथे। एकपटक उनले लेखेको हास्यव्यंग्य र सम्पादकलाई चिठी 'हालखबर'को एकै अंकमा छापियो। अन्ततः दाताराम्जीको सिफारिसमा अर्यालजीको जागिर 'हालखबर'मा पक्का भएपछि उनले विद्यालयको मास्टरको जागिर छाडे।

शर्मा र अर्यालजी दुवै प्रखर हास्यव्यंग्य लेखक भएकाले घनिष्ठ मित्रता स्वाभाविक नै थियो। शर्माले नै भैरवसँग मेरो औपचारिक परिचय गराएका हुन्। म पर्ँे काँठे (भक्तपुर) भैरव पनि काँठ (गोकर्ण) क्षेत्रकै। सुरुमा त मैले उनलाई गन्दै गनिनँ, उनले पनि मलाई खासै वास्ता गरेजस्तो लागेन। भैरवजीले पनि 'हालखबर'मा व्यंग्य साहित्य लेख्न थालेपछि अखबारको बिक्री नै ह्वात्तै बढ्यो। नढाँटी भन्नुपर्दा मैले त सुरुमा उनको व्यंग्य साहित्य नै बुझ्निनँ। तर, सम्पादक शर्मा भने व्यंग्यको भाव बुझ्ने मात्र होइन, आफैं चोटिलो व्यंग्य लेख्थे।

भैरवजीको क्षमता देखेर म प्रभावित हुन थालेँ र क्रमशः हामी दुई 'काँठे' आत्मीय मित्र हुन थाल्यौं। तीक्ष्ण दिमागका भैरवजीको सम्पादन कला बेजोड थियो। हामी दुवैजना निम्न आय भएका परिवारबाट आएकाले अलग-अलग डेरामा बस्न आर्थिक रूपमा कठिन थियो। सुरुमा त भैरवजी 'भान्छे बाजे' भएर आफन्तको कोठामा बसेका थिए। तर, उनी त्यति धेरै रमाएका थिएनन्। भाडा तिर्न पनि सजिलो हुने भएकाले भैरवजी र मैले डिल्लीबजारमा संयुक्त डेरा लियौं। मेरो भाइ पुरु पनि हामीसँगै डेरामा बस्न थाल्यो। डेरामा हाम्रो तीन कोठा थियो। एउटा भान्छा, एउटा लामो कोठा र सोही कोठा भएर जानुपर्ने अर्को कोठा। हाम्रो भान्छाकोठामा दाउराबाट भुसे चुल्हो हुँदै गोल चुल्होमा भात पाक्न थाल्यो। म अलि अल्छी प्रकृतिको मान्छे। त्यसैले डेरामा पकाउने काम भैरवजी र पुरुले नै गर्थे। भैरवजी बेलुकाभन्दा पनि बिहान अबेरसम्म लेख्न रुचाउँथे। भात पकाउने, भाँडा माँझ्नेलगायत कुरामा कहिलेकाहीं हाम्रो सामान्य ठाकठुक त हुन्थ्यो, तर फेरि लगत्तै सहोदर दाजुभाइझैं हामी एकाकार हुन्थ्यौं।

झन्डै डेढ-दुई वर्ष एउटै ताउलोमा पकाएको भात, एउटै दिउरीमा पकाएको तरकारी र एउटै खलमा बनाएको स्वादिलो अचार खायौं। हाम्रो डेरामा भैरवजीका काका बलराम वेलाबखत आउँथे। आफन्त आएपछि केही खुवाउन परिगो, त्यसैले म भित्री रूपमा आर्थिक दृष्टिले हामी धेरै कमजोर भएको त्यस बखत डेरामा समेत केही नआइदिए पनि हुन्थ्यो भन्ने सोच्थें। ती अभावका दिन सम्झिँदा पनि आज आनन्द आउँछ।

मेरो सोचाइविपरीत भैरवजीका अति घनिष्ठ एवं विद्वान् मित्र डाक्टर नवराज चालिसे पनि कहिलेकाहीं डेरामा आउन थाले। भैरवजीले नै मलाई पछि साहित्यकार रमेश विकल, साहित्यिक पत्रकार रोचक घिमिरेलगायतसँग परिचय गराइदिए। मेरो विवाह फागुन ७, २०१६ मा हुने भएपछि भैरवजी केही परको घरमा सरे। तर, लामो समयसम्म हाम्रो भान्छा भने एकै थियो। पछि हामी नयाँ सडकनजिक डेरा सरेपछि भैरवजी पनि हाम्रै नजिक सरे। हाम्रो पानी लिन जाने धारो एउटै थियो। पछि भैरव दम्पतीसँग हामी दम्पतीको सम्बन्ध अत्यन्त सुमधुर थियो।

०१८ सालमा म तथ्यांक अधिकृत भएर डोटीतर्फ लागेपछि डेरामा भैरवजी र पुरु मात्र बस्न थाले। मैरे आग्रहबमोजिम भैरवजीले पुरुको रेखदेख गर्न थाले। भैरवजीजस्तो पढेलेखेको बौद्धिक व्यक्तिको जिम्मा लगाउन

अर्यालदम्पतीले रिसालदम्पतीलाई पठाएको चिठी

२०१८-०४-०६

स्मरणीय प्रिय दम्पती

मेचीदेखि महाकालीजति लामो सम्झना !

आफ्नै जीवनजस्तो यो साउन महिना, दिनभर घाममा पोलियो, साँझ पानीमा रुझ्यो, अनि रातभर लामखुट्टे र उडुसलाई रगत चुसाएर पसारियो। यसवेला रातको नौ बजिरहेछ, सिमसिम पानी परिरहेछ, कुकुर भुकिरहेछन्। अखबारवाले तैपनि कराउँदै छ। कोठामा म एक्लै कुनै टाढा पुगेका मित्रका जोडीलाई सम्झँदै चारपाटे लमतन्न परेर केही लेखिरहेछु। पल्ला घरको रेडियोमा लता मङ्गेसकर गाउँदै छिन् :

'ओ वसन्ती पवन पागल, नाजा रे नाजा रोको कोही'

तर, उसले जति कराए पनि, तपाईं-हाम्रा पागल हृदयका सुस्केराहरूलाई रोक्ने यहाँ को छ र ! न त हाम्रा वेदना रोकिन्छन्, न सम्झना।

यसवेला तपाईंहरू पनि शयनागारमा पस्ने तरखर गर्दै हुनुहोला।

अब चिठी त लेख्ने तर सुरु गर्ने के कुराबाट अझै ठम्याउन सकिएन। कुरा अनन्त छन्, तर पनि उल्लेखनीय केही छैनन्। यो थोत्रो जीवनमा नौलो र मिठो कुरा विरलाकोटी मात्र देखा पर्छन्, त्यही पनि देखिनासाथ थोत्रिन्छन्।

थोत्रैथोत्रा कुरा पोको पारेर डोटीमा आफैं थोत्रिरहेका साथीहरूलाई के भेट्न जानु भनेर मेरो चिठी पटक्क आधि सर्दैन, तैपनि घचेट्दै छु, आइपुग्ने हो वा बीचबाटै कतै सुइँकुच्चा ठोक्ने हो।

अब भन्नोस् शुभसमाचार केही सुना न त

त साथी, मेरो परिवारको, मेरो देशको, मेरो विश्वको तपाईंको, तपाईंको परिवारको, तपाईंका देशको, तपाईंको विश्वको कसैको पनि कुनै शुभसमाचार छैन। कोही मरी-मरी बाँचिरहेछन्, कोही बाँची-बाँची मरिरहेछन्, कुरा यत्ति हो। यो सुन्दा तपाईंहरू फेरि के-के न भएछ हँ भनेर शंका झिक्नुहोला, तर केही भएको भए त नयाँ कुरा त्यही भइहाल्थ्यो नि, मेरो चिठी किन यति गन्थन गरिरहन्थ्यो।

सुशीलाजीलाई आउँ परेको छ भन्ने सुन्दा मलाई उत्तिको दुःख लागेन। किनभने, ०१८ सालको वेलामा दुनियाँमा एटम र हाइड्रोजन बम कुन पट्का पड्किएर ब्रह्माजी बुढाको सृष्टि नै खरानी पारिदिऊँ भनिरहेका वेलामा हाम्री सुशीला भाउजूलाई आउँ पऱ्यो त के पऱ्यो ! त्यसो त कसैलाई जुम्रा पर्छन्, चुर्ना पर्छन्। तैपनि के भो, कसो भो भनेर खुल्दुली चाहिं नलागी नछाडेकाले मैले सोधेको मात्र हुँ।

(बत्तीले झन्डै चिठी यहीं टुंग्याइदिएको, तर बल्यो)

अँ तपाईंहरूको स्नेहपूर्ण सम्झनापत्र मैले हिजो पाएँ। धेरै दिनको प्रतीक्षापछि। फसाद त के पऱ्यो भने तपाईंहरूले पनि दम्पतीले दम्पतीलाई लेखेको चिठी म एक्लैले कसरी पढूँ। मेरी दम् यहाँ थिइनन्। पुर्गे घर, गाला जोडेर पढौंला भनेर। तर... 'तरको मतलब के भने संक्रान्ति खान माइत गएकी मेरी दम्लाई संक्रान्तिले नै चपाएर हो कि किन हो, मेरो सानो वाल्मीकिको गुफाजस्तो कोठा निदाउँरो मुख लाएर एक्लै टोलाइरहेको रहेछ। अनि आफैंलाई अर्याल सम्झैं, आफैंलाई शोभा सम्झैं, तब दोहोऱ्याई-दोहोऱ्याई पढैं।

अर्यालजी तथा शोभा जी

पाएपछि पुरुको भविष्यलाई लिएर म ढुक्क भएँ। भौतिक रूपमा टाढिए पनि भैरवजी र मबीच चिठी आदानप्रदान भइरहन्थ्यो। मेरी श्रीमतीसँग पनि भैरवको राम्रो चिनजान भएकाले उनी हामी दुवैजनालाई सम्बोधन गरी चिठीपत्रहरू पठाउँथे। ०१७-१९ को अवधिमा भैरवजीले म र हामी दम्पतीलाई करिब १३ वटा चिठी पठाए। चिठीमा व्यंग्यात्मक शैलीमा सञ्चो, विसञ्चोको औपचारिकतासँगै कार्यालयको प्रगति, पुरुको आनिबानीलगायत कुरा हुन्थे। मलाई लाग्छ, हास्यरस मिसिएको त्यो तहको चिठी कसैले पनि किमार्थ लेख्न सक्दैन। ती सबै चिठी अहिले पनि मसँग सुरक्षित नै छ।

०२० मा काठमाडौं फर्केपछि न्युरोडआसपास फेरि हाम्रो भेट हुन थाल्यो। हामीबीच समसामयिक कुरासँगै नितान्त व्यक्तिगत कुरा पनि हुन्थ्यो।

भैरवजीका पिता (नारायण गुरु) त्यतिवेलाका श्रेष्ठ भागवतवाचक थिए। ललितपुरमा जगन्नाथ घिमिरेको घरमा उनले भागवत भनेको सुनेपछि म उनको ठूलो प्रशंसक भएको थिएँ। हाम्रो चिनजान राम्रो थियो। छोरा भैरवको मित्र भन्ने थाहा पाएपछि उनीसँग अझ बढी नजिक भएँ। पछि मेरै सिफारिसमा नारायण गुरुले हाँडीगाउँस्थित केसी थरका मेरा जजमानका भागवत भने। त्यहाँ पनि नारायण गुरुको भागवत् वाचनकलाको ठूलै चर्चा भयो। त्यहाँ हाम्रो दम्पतीले पूजा पनि गऱ्यो। आफूले सिफारिस गरेको गुरुको महिमा गाइएपछि म पनि दंग पर्ँे। विद्वान् मित्र भैरवका पिता पनि विद्वान्, म मनमनै सोच्थें।

भैरवजीले आफूलाई परेको समस्याबारे उनका निकटस्थ वासुदेव लुइँटेल, रोचक घिमिरे, डाक्टर नवराज चालिसे, रमेश विकललगायतसँग दिल खोलेर कुरा गर्थें। मसँग पनि यदाकदा निराशाजनक कुरा राख्थें। म भन्थें, 'जिन्दगी भनेकै यस्तै यो भैरवजी, सुखदुःखको संगम, दुःख आइलाग्यो भन्दैमा डराउने बिलकुल होइन, डटेर सामना गर्ने पो हो त'। घाँटीको समस्याले उनलाई लामो समयअघिदेखि नै पिरोलेको थियो। निम्न आयस्रोत भएको अवस्थामा आठजना (६ छोराछोरी र दम्पती) को परिवार पाल्न पनि उनलाई कठिन नै थियो। वेलैमा परिवार नियोजनका लागि भैरव दम्पतीलाई सल्लाह दिँदा उनीहरू डराएर हो या असमझदारीले हो, मेरो र सुशीलाको प्रयास सफल भएन। मैले थाहा पाएअनुसार भैरवजीले २०३३ को सुरुवातितिर वासुदेव लुइँटेलसँग आत्महत्या गर्ने प्रसंगसमेत झिकेका थिए। रसिक स्वभावका लुइँटेलले ठट्यौली पारामा 'आत्महत्या गर्नु के ठूलो कुरा हो र तिम्रो घरनजिकको बागमतीमा हाम फाले भैहाल्यो नि' भनेर भन्थे भन्ने मैले सुनेको हुँ। दैवको नियति नै भनौं, भैरवजीले ०३३ असोजमा गोकर्णको पुलबाट बागमती नदीमा हाम फालेर आफूलाई सधैंका लागि समाप्त गरिदिए।

भैरवजीको निधनको समाचारले हामी रिसाल परिवार नै स्तब्ध भयौं। उनीसँगको आत्मीय सम्बन्ध भुलेर भुल्न सकिने खालेको कदापि थिएन। हामी दुवैको नाम 'भैरव' भएकाले आजसम्म पनि धेरैले मलाई भैरव अर्याल नै ठान्ने गरेको पाएको छु। उनी 'बित्दा' पनि धेरैले मै बितेको ठानेका रहेछन्। उनले पुरस्कार थाप्दा बधाई मैले पाउँथें। यी र यस्ता अनगिन्ती सम्झना छन्, आत्मीय मित्र भैरवजीसँग जोडिएका। त्यसो त बेथिति र खराब कामविरुद्ध हास्यव्यंग्य विधामार्फत गतिलो थप्पड हान्ने भैरव अर्यालजीसँगै मलाई जोडेको पाउँदा मलाई अति गर्व लाग्छ। प्रिय भैरवजीलाई समर्पित गरेर मैले 'नेपाली वाङ्मयका तीन तारा' शीर्षकको पुस्तक पनि प्रकाशित गरेको छु। नेपाली रम्य रचनाका आजसम्मकै सबैभन्दा विराट् प्रतिभा (सायद भविष्यमा अरूले उछिन्न गाह्रै पर्ला) मित्र भैरवको आत्मा परलोकमा पनि अनन्त कालसम्म रमाइरहोस्।

प्रस्तुति : निर्मल अर्याल

ओ कवि तिमी कविता नलेख



प्रेमिला राई
premilirai25@gamil.com

कविता

भो कवि तिमी कविता नलेख
दिनदहाडै साना जामा च्यातेर
कलिला कोपिलाको घाँटी छिनालेर
अँध्यारो गुफामा आराधना गर्ने
भ्रमको पर्दा टाँगेर
न्यायको कविता डकार्दै हिँड्ने
ए कवि तिमी कविता नलेख
कुल्चेर सपनाको धपधपाउँदो पिठ्यूँ
कौडीको भाउमा कोमल शरीरको दलाली गर्ने
फिँजाएर नाइलोभरि भ्रमको बिस्कुन
रहरको उडान भराउने
चोक, गल्ली, बजारमा कहलिएको
ओ नामुद कवि
भो तिमी कविता नलेख

शक्तिको पुजारी
कहिले तारे भन्डामुनि
कहिले हँसिया-हथौडा भन्डामुनि
तिमी होनहार प्रगतिशील कवि
तिमी सत्ताको दलाल कवि
ओ तिमी कविता लेख्दै नलेख

प्रत्येक रात लर्खराउँदै
ढोकाको चुकुल भत्काएर
सिन्दुरको बस्ती लुछ्ने
प्रत्येक दिन ढकमक्क फुलेका
गुलाफहरूको नशा पिएर
कफीको कपमा कविता मिसाउने
निरीह पोतेको आँसु टेकेर
न्यायको कविता ओकल्दै हिँड्ने
ए कवि
भो तिमी उदारताको कविता लेख्दै नलेख

एक नालायक लोग्ने
एक नालायक बाबु
एक नालायक सन्तान
एक नालायक व्यक्ति
कसरी हुन सक्छ यो समाजको होनहार मान्छे ?

तिम्रो कवितामा वाहवाह आउला
ताली बज्ला
तर
एउटा अँध्यारो छोपेर
लेखेको उज्यालोको कविताको अर्थ के रहन्छ हँ ?
दलालहरूको टाउमुनि छिरेर
लेखेको क्रान्तिकारी कविताले महत्त्व के बोक्छ हँ ?
त्यसैले ओ कवि तिमी कविता लेख्दै नलेख
नलेख भोकाहरूको गीत
नलेख नांगाहरूको कविता
नलेख उत्पीडितहरूको विरह
भो नगाऊ लय हालीहाली दुखिया भाका

ए दलाल
ए हत्यारा
ए हिंस्रक
तिमी हुनै सक्दैनौ न्यायको पक्षधर
तिमी बोल्ने सक्दैनौ भुइँमान्छेको आवाज
तिमी बुझ्नै सक्दैनौ उत्पीडितहरूको प्रताडना
तिमी टिप्ने सक्दैनौ दुःखको लय
तब तिमी किन लेख्छौ समानताको कविता
किन लेख्छौ न्यायको कविता
किन लेख्छौ विद्रोहको कविता
ओ छद्म कवि
तिमी कविता लेख्दै नलेख
ओ कवि तिमी कविता नलेख।

राजनीति कसले गर्ने ?





रवि मिश्र
mail@rabimishra.com

व्यंग्य

अचेल गुरुहरू सडकमा छन्। गुरुहरू सडकमा हुनुको आफ्नै सुख छ, आफ्नै दुःख छ।

सुख मान्नेको सुख यो छ कि गुरुहरूकै जुलुस सडकमा भएसि बाटो हिँड्दै गर्दा कदाचित ज्ञानको तिर्खा लागिहालेमा कुनै गुरुकुल धाइराख्नु पर्दैन। कुनै विद्यालय, महाविद्यालय वा विश्वविद्यालय धाइराख्नु पर्दैन। 'खै खै गुरुजी एक पसर ज्ञान दिनुस् त' भन्दै मागेर एक पसर ज्ञान फाँको हालेर उग्राउँदै हिँड्न पाइन्छ। बाटोमा अलि कम भयो जस्तो लागे थप्न पाइन्छ।

सुख मान्नेको दुःख यो छ कि शिक्षकहरूले त्यस्तो हरियालीयुक्त, त्यस्तो राम्रो सडकमा आन्दोलन गर्दा दुबो माडिएको छ। लहलह पलाएका घाँस ढल्किएका छन्। कपुरको हाँगा भाँचिएका छन्। बकाइनोको पात झरेका छन्। धुपीका डाँठका केही बोक्रामा दर्फन्याएका छन्। धुपीकै केही पातहरू टिपेर विद्यावृद्धिको आसमा बुकमार्क बनाउँदै किताबमा घुसारिएका छन्। त्यति मात्रै होइन, केही फुलिसकेको फूलको पत्रदलमा गम्भीर क्षति पुगेको छ। केही फूलका कोपिला नै चुँडिएका छन्। केही फूल टिपिएका छन्। भावुकताको मेयरस्तरीय टुकुचा उर्लिएर लाइटर र ग्यालिन बोकेर सडकमा उक्लिन-उक्लिन लागेको छ-

'नटिप्नु हेर कोपिला
नचुड्नु पाप लाग्दछ,
नच्यात्नु फूल नानी हो
दया र धर्म भाग्दछ।'

अस्ति मात्रै अ-रोक्य द्रुत बसका लागि भनेर बनाएको द्रुत लेनको भर्खरै लगाएको रातो रंग गाउँगाउँबाट आएका गुरुहरूले माटैमाटो भएका

एउटा नयाँ झोलासमेत नकिनी पुरानै झोलामा महानगर छिऱ्या छ। के यो पुराना पार्टीको महानगर हो ? पुराना नेताको महानगर हो ? को छ, एकपटक सोच्नु छैन। थोत्रो झोला बोक्या छ। महानगर छिऱ्या छ। चमेली ठिटाठिटीझैं उफ्रा छ। महानगरको इज्जत हुन्न ?

जुत्ताले टेकेर मैलो बनाइसके। त्यही जुत्ता लाएर लेन छेदक सेतो धर्कामा कुल्चिँदा धर्का हेरिसाध्य छैन। अझ जेब्राक्रसिङ भन् मैल्याइसके। अनार्सा पकाएको ताईजस्तो त्यस्तो चिल्लो सडक फुस्ग्राइसके। के भएका यी गुरुहरू ? यत्रो सुन्दर महानगर छिर्नुअघि कि त एक जोर नयाँ जुत्ता किनेर लाउनु। कि त चक्रपथबाहिर जुत्ता खोलेर आउनु। कि त आउँदै नआउनु। बेकार सडक मैल्याएर। यत्रो पढेलेखेर पनि बुद्धि कता गएको ?

अस्ति नारा लगाउँदै हिड्ने हुँदी चारवटा हो कि पाँचवटा प्लास्टिक डिभाइडर नै ढाल्दिएछन्। ठडिराखेको डिभाइडर ढाल्दा अलछिन लाग्दैन ? यस्ता नि गुरु रे ! सम्झिँदा नि आगो लाइदिम जस्तो लाग्छ। न टायर बाल्याछ। न रेलिङ भाँच्या छ। न सडक पेटी उप्काएर इँटा हान्या छ। यस्तो नि आन्दोलन रे ! बेकार दुबोको क्षति। सडक मैल्याएको छ। एउटा गुरु त भन् फाटेर सिलाएको

झोला बोकेर चुमुकचुमुक गर्दै थिए। एउटा नयाँ झोलासमेत नकिनी पुरानै झोलामा महानगर छिऱ्या छ। के यो पुराना पार्टीको महानगर हो ? पुराना नेताको महानगर हो ? को छ एकपटक सोच्नु छैन। थोत्रो झोला बोक्या छ। महानगर छिऱ्या छ। चमेली ठिटाठिटीझैं उफ्रा छ। महानगरको इज्जत हुन्न ? थोत्रो न नयाँ। झोलै बोकेर हिँडेको देख्दा नि पारा तात्छ। झोलेहरू ! देख्दै पार्टीका मान्छेजस्ता। झोला किन बोक्नु ? राजनीति गर्न ? देख्दै राजनीति गर्ने मान्छेजस्ता।

मान्छेका दुःख छन्। दुःखका कारण छन्। दुःखीका नजरमा दुःखको कारण राजनीति हो। शिक्षक भएर राजनीति गर्ने ? दुःखीको मत छ- खुरुखुर पढाउने पो त। शिक्षासेवा आयोग लडेसि चुनाव लड्नुपर्दैन। चुनावै लड्नुपर्दैन भने किन गर्ने राजनीति ? राजनीति गऱ्या छ। झोला बोक्या छ। झोले भएको छ। तरिका हो ? किन बोक्नु झोला ? चक-डस्टर गोजीमै हालेर हिने हुन्न ? फेरि किन बोकेर हिँड्नु ? बाटामा चक खस्यो भने उटपट्याङ केट्केटीले भित्तामा लेखेर विरुप पार्छन्। आलाकाँचा केट्केटीलाई राजनीति सिकाछ। समाज भाँडेको छ। तरिका हो ? गुरु भएर नि राजनीति गरेसि अरूले के सिक्लान् ?

उसो भए कसले गर्ने त राजनीति ? विद्यार्थीले ?

दुःखीहरू भन्छन्- धत् ! विद्यार्थीले नि राजनीति गर्ने हो ? विद्यार्थीले त पढ्ने पो त हो त ! देश बिग्रेकै विद्यार्थीले राजनीति गरेर हो। अलिअलि के पढ्या हुन्छन्। राजनीति गर्नुपर्ने ?

उसो भए कसले गर्ने ? किसानले ? किसानले किन राजनीति गर्ने ? किसानले त हलो ट्र्याक्टर पो जोत्ने। भाषण जोतेर हुन्छ ? मुला काउली गोलभेडा बेच्ने। दुई-चार पैसा कमाउने। दसैंमा किनमेल गर्न काठमाडौं आउने विशाल बजार घुम्ने पो त।

मजदुरले ? मजदुरले त श्रम गर्ने। ज्याला थाप्ने। कम्पनीलाई नाफामा पुऱ्याएर बोनस खाने। ज्याला, बोनस नदिए ? उपवास बस्ने। उपवास बस्नाले मोटोपन घट्छ। स्वास्थ्य राम्रो हुन्छ। धर्म पनि हुन्छ। तर राजनीति नगर्ने।

स्वास्थ्यकर्मीले ओखती गर्ने हो। राजनीतिक संक्रमण मात्रै भयो भने नि सुई लगाउने हो। ओखती खाने र निको हुने हो। राजनीति गर्ने नै होइन। कर्मचारीले तलब खाने हो। बाँकी के खान राजनीति गर्ने हो ? तलतलै लागे अलिकति चाकडी गरेर बक्सिस खाने हो।

खेलाडी, लेखक, कलाकार राष्ट्रका गहना हुन्। गहनाले राजनीति गर्ने होइन। खच्चरको घाँटीको घन्टीझैं राष्ट्रलाई शोभा दिएर बस्ने हो।

डकर्मीले राजनीति गर्नुहुन्न। राजनीतिक विवाद पेचिलो बन्दा गारो लगाइरहेको इँटाले हान्ने डर हुन्छ। सिकर्मीले त झन् हुन्न। विवाद चम्किँदा चौकोसले हाने भने के हुन्छ ?

उसो भए कसले गर्ने त राजनीति ? बेरोजगारले ? के सोच्या देशलाई ? कोही नपाई बेरोजगारले राजनीति गर्ने ? बेरोजगारले त अनलाइन फाराम भरेर लाइन बसेर पासपोर्ट बनाउने हो। विदेश गएर दुई-चार पैसा कमाउने हो। फेसबुक र ट्विटरमा देश बिग्रियो भन्ने हो।

अनि राजनीति पार्टीले मात्रै गर्ने ? पार्टीले किन राजनीति गर्ने ? उनीहरूले त हो देश बिगारेका। पार्टीमा राजनीति घुस्नु हुन्न। पार्टीमा त पैला स्न्याक्स सर्भ हुनुपर्छ। त्यसपछि मदिरा सर्भ हुनुपर्छ। त्यसपछि डिनर हुनुपर्छ। पुलाउमा चाहिँ चिल्लो अलि कम हुनुपर्छ। नत्र पेट फुल्न सक्छ।

अनि कार्यकर्ताले ? कार्यकर्ताले किन गर्ने ? किन बन्ने कार्यकर्ता ? बन्ने कुरै नभाको जस्तो। कसैको भक्त बन्ने। आध्यात्मतिर लाग्ने।

अन्त्यमा तिनै नेताले मात्रै राजनीति गर्ने ? नेताले किन गर्ने राजनीति खुरुखुरु पार्टी, सरकार चलाए हुन्न ? चुनाव आउँदा चुनाव लड्ने। जित्ने। राजनीतिचाहिँ नगर्ने ? तर, किन जित्ने तिनै नेताले ? चोर नेताहरूले अब राजनीति गर्न हुन्न।

अनि बाँकीले ? बाँकीले ताली बजाउने केहीको वाहवाही गर्ने। बाँकीमाथि जाइलाग्ने। स्टाटसमा लाइक गर्ने। सक्दो सेयर गर्ने।

अन्त्यमा राजनीति गर्नेचाहिँ कसले ?

गोरुले ! खेतीको सिजनमा जोतेसि बाँकी समय गोरु फुर्सदमै हुन्छन्। भन् ट्र्याक्टर आएसि गोरु पूर्ण बेरोजगार छन्। सबैभन्दा राम्रो कुरा गोरुले विचार गर्न सक्दैन। गोरुको विचार नहुने हुँदा राजनीति नेक्स्ट लेभलमा पुग्छ। देश विचारभन्दा माथि पुग्छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ६ असोज ०८०

चाडपर्वलक्षित यातायात सुधारका लागि कार्यदल गठन

असोज तेस्रो साताबाट अग्रिम टिकट बुकिङ खुलाउने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

दसैँ, तिहार र छठ पर्वमा हुने यात्रुको चापलाई लक्षित गरेर असोज तेस्रो सातादेखि सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला गर्ने तयारी गरिएको छ। चाडपर्वलक्षित गरेर असोज तेस्रो साताबाट गाडीको अग्रिम टिकट बुकिङ खुलाउने तयारी यातायात व्यवस्था विभागले गरेको छ।

दसैँ, तिहार तथा छठका वेलामा अन्य समयको तुलनामा आवतजावत बढी हुने गर्छ। दसैँ मनाउनका लागि मात्रै घटस्थापनापछि काठमाडौं उपत्यकाबाट दैनिक सरदर पाँच हजार सवारीसाधन र एक लाख मानिस बाहिरिने गर्छन। सरकारले चाडपर्वलक्षित गरेर सडक पूर्वाधार सुधारदेखि यातायात व्यवस्थापनको तयारी सुरु गरेको हो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले चाडपर्वलक्षित यातायात क्षेत्रको सुधार गर्न शुक्रबार यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालको नेतृत्वमा कार्यदल गठन गरेका छन्।

उक्त कार्यदलले आवश्यक अध्ययन गरेर अग्रिम टिकट बुकिङ खुला गर्ने, सडक पूर्वाधारको अवस्था र सुधार गर्ने, चाडपर्वमा हुने यातायातलाई सहज बनाउनेलगायत विषयमा आवश्यक काम गर्नेछ। उक्त कार्यदलले एक साताभित्र मन्त्रालयले प्रतिवेदन बुझाउनेछ, सोही आधारमा यसबारे निर्णय गरिनेछ।

विभागका महानिर्देशक रिजालले असोजको तेस्रो साताबाट अग्रिम टिकट बुकिङ खुला गर्ने तयारी गरेको बताए।

'दसैँको यात्रालाई सहज, सरल र सुरक्षित बनाउने विषयमा शुक्रबार मेरो संयोजकत्वमा कार्यदल गठन गरिएको छ। यो कार्यदलले आइतबारदेखि नै काम सुरु गर्छ। र, सोही कार्यदलले गरेको अध्ययनका आधारमा दसैँलगायतका पर्वको यातायातलाई सहज बनाउने विषयमा उचित निर्णय गरिनेछ,' उनले भने, 'अहिले मोटामोटी घटस्थापना (२८ असोज)को १० दिनअघि (१८ असोज-तेस्रो साता)बाट अग्रिम टिकट बुकिङ खुलाउने सहमति भएको छ। यद्यपि, यातायात व्यवसायी, नेपाल प्रहरीलगायतका सरोकारवालासँग थप छलफल गरेर यसलाई टुंगोमा पुऱ्याउनेछौं।'

केन्द्रबाट काठमाडौं उपत्यकाबाट बाहिरिने र बाहिरका जिल्लाबाट उपत्यका आउने यात्रुलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुला गर्ने तयारी गरिएको छ। अन्तरप्रदेश, प्रदेश राजधानी तथा जिल्लास्तरको टिकट बुकिङ खुला गर्ने कार्य भने प्रदेशस्तरीय निकायले गर्ने बताइएको छ। यता व्यवसायीले भने सवारीसाधनको भाडादर बढाउनुपर्ने माग गरेका छन्। गत चैतदेखि सार्वजनिक यातायातको भाडादर समायोजन भएको छैन। डिजेल र पेट्रोलको मूल्य बढ्दै गएको र सडक पनि गुणस्तरीय नभएको कारण देखाउँदै उनीहरूले भाडावृद्धिको माग गरेका हुन्। सरकारले सार्वजनिक यातायातको भाडादर समायोजन गर्नुपर्ने राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए।

■ चाडपर्वमा यात्रालाई सहज र व्यवस्थित बनाउँछौं



● **प्रकाश ज्वाला**, भौतिक पूर्वाधार तथा यातायातमन्त्री

दसैँलगायतका चाडपर्वको यात्रालाई सहज बनाउन सरकार तयार छ। साथै, दसैँमा यात्रुहरू ठगिने, बीचबाटोमा अलपत्र पर्नेजस्ता सास्ती व्यहोर्नुपर्ने अवस्था आउन नदिन नै कार्यदल बनाइएको हो। यातायात क्षेत्र चुस्त नहुँदा दसैँ, तिहार र छठजस्ता पर्वमा लाखौँ यात्रुले सास्ती पाउँदै आएका छन्, यो वर्ष त्यसलाई व्यवस्थित गर्न समयमै कार्यदल बनाएका छौं।

■ सडक मर्मत गर्न व्यवसायीको माग

यसैबीच व्यवसायीले सडकको मर्मत गर्न पनि माग गरेका छन्। बर्खामास, मर्मतमा भएको ढिलाइलगायतका देशभरका थुप्रै सडकखण्ड कच्चीजस्तै भएका छन्। कालोपत्रे उक्किने, खाल्डो बन्नेजस्ता समस्या थुप्रै सडकखण्डमा छन्। त्यस्तो सडकलाई तत्काल मर्मत गर्नुपर्ने महासंघका अध्यक्ष स्वाँरले बताए। सर्वसाधारणले समेत अधिकांश सडक भत्किएको अवस्थामा रहेको गुनासो गर्दै आएका छन्।

■ सडक छिट्टै मर्मत हुन्छ : विभाग

सडक विभागले पनि दसैँको यात्रा सुरु हुनुभन्दा अघि नै बाटो मर्मत गर्ने प्रतिबद्धता गरेको छ। विभागका महानिर्देशक सुशीलबाबु ढकालले अब छिट्टै मर्मत कार्य सुरु गर्ने बताए। 'हामीले नियमित रूपमा सडक मर्मत गर्दै आएका छौं। दसैँलाई लक्षित गरेर अब छिट्टै थप काम पनि अघि बढाउँछौं। अर्थ मन्त्रालयले पनि बजेटको सुनिश्चितता दिइसकेको छ,' नयाँ पत्रिकासँग उनले भने, 'तसर्थ, हामीलाई बजेटको पनि समस्या छैन। दसैँको यात्रा सुरु हुनुभन्दा अघि नै बाटोको खाल्डा पुर्ने, पहिरो पन्छाउने (हटाउने)लगायतका काम सम्पन्न हुन्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दसैँका लागि तीन हजार खसी-बोका र च्यांग्रा ल्याइने

भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारी स्वामित्वको नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आगामी दसैँ र तिहारलाई लक्षित गरेर काठमाडौं उपत्यकाका लागि तीन हजार खसी-बोका र च्यांग्रा ल्याउने तयारी गरेको छ। कम्पनीले एक हजार च्यांग्रा र दुई हजार खसी-बोका ल्याउने तयारी गरेको हो।

दसैँलक्षित चौपाया खरिदका लागि आन्तरिक तयारी भइरहेको एक हप्तापछि पत्रिक्रया अघि बढाउने कम्पनीकी प्रवक्ता शर्मिला सुवेदीले जानकारी दिइन्। 'गत वर्ष कोभिड-१९ लगायत कारणले कम बिक्री हुने अनुमान गरी करिब २५ सयको संख्यामा खसी-बोका र च्यांग्रा ल्याएकोमा यसपटक तीन हजारवटा ल्याउने भएका छौं,' उनले भनिन्, 'उपलब्ध बजेट र उपभोक्ताको मागको मूल्यांकन गरेर ल्याउने संख्यामा थपघट हुन सक्नेछ।' उनका अनुसार तुलसीपुर, हेटौंडा, नुवाकोट, तनहुँलगायत जिल्लाबाट खसी र बोका ल्याइनेछ। च्यांग्रा भने जुम्ला र हुम्लाबाट ल्याइनेछ।

व्यापार कम्पनीले खसी-बोका र च्यांग्राका लागि आठ करोड ३३ लाख रुपैयाँ छुट्याएको छ।

त्यसमध्येबाट तीन करोड ४२ लाखबराबरको खसी तथा बोका र चार करोड ९१ लाखबराबरको च्यांग्रा ल्याउने कम्पनीको योजना छ। घटस्थापनाका दिनसम्म खसी-बोका र च्यांग्रा ल्याइनेछ। कम्पनीले गत वर्ष जिउँदो खसी प्रतिकिलो पाँच सय ७० रुपैयाँ, बोका पाँच सय ५५ रुपैयाँ र च्यांग्रा प्रतिकिलो एक हजार दुई सय ६० रुपैयाँले बिक्री गरेको थियो।

■ व्यापारीले ४० हजार खसी-बोका ल्याउने

दसैँलाई लक्षित गरेर व्यापारीहरूले ४० हजार खसी-बोका ल्याउने भएका छन्। उपत्यकाको माग धान्न व्यवसायीले अघिल्लो वर्षको भन्दा पाँच सय हाराहारी संख्या बढाएर खसी-बोका ल्याउने तयारी गरिरहेको चौपाया खरिद-बिक्री संघका अध्यक्ष दीपक थापाले बताए। अघिल्लो वर्ष ३० देखि ३५ हजारको संख्यामा ल्याइएको व्यापारीको भनाइ छ। उनले भने, 'खसी-बोका ल्याउने प्रक्रिया अघि बढाइसकिएको छ, व्यापारीहरू गाउँ पस्न थालिसकेका छन्, खरिदपश्चात् असोजको तेस्रो साताबाट बिक्री सुरु गर्छौं।' उनका अनुसार उपत्यकामा बर्दिया, गुलरिया, सल्यान, सुर्खेत, दाङ, कटहरी, सुर्खेत, रुकुम रोल्पा, ओखलढुंगा, नुवाकोट, रामेछाप, जनकपुर, सर्लाहीलगायत जिल्लाबाट खसी-बोका ल्याइनेछ। त्यस्तै, मुस्ताङ, जुम्लालगायत हिमाली क्षेत्रबाट च्यांग्रा ल्याइने उनले बताए।

सहुलियत पसल असोजको तेस्रो सातादेखि

खाद्य व्यापार कम्पनीले दसैँलक्षित सहुलियत पसल असोजको तेस्रो सातादेखि सुरु गर्ने भएको छ। उपत्यकाका तीनवटै जिल्लालाई केन्द्रित गरेर सातदेखि नौवटा स्थानमा सहुलियत पसल राखिने कम्पनीले जनाएको छ। कम्पनीकी प्रवक्ता शर्मिला सुवेदीले भनिन्, 'कुन वस्तुमा कति छुट दिने भन्नेबारे अहिले हामी छलफलकै क्रममा रहेका छौं, वणिज्य मन्त्रालयसँग छलफल गरेर सूची सार्वजनिक गर्छौं।' खाद्य व्यापारसँग जोडिएर दुग्ध विकास संस्था डिडिसी, साल्ड ट्रेडिङलगायतले पनि आपसी समन्वयमा सहुलियत पसल राख्ने तयारी छ।

विश्व बैंकले नेपाललाई साढे दुई अर्ब अनुदान दिने

काठमाडौं/ विश्व बैंकले नेपालाई साढे दुई अर्ब रुपैयाँ अनुदान दिने भएको छ। नेपालको कृषि र पोषण क्षेत्रका लागि विश्व बैंकले दुई करोड अमेरिकी डलर (दुई अर्ब ६५ करोड रुपैयाँ) अनुदान सहयोग दिने भएको हो।

विश्व बैंकले दिएको उक्त अनुदान सहयोग खाद्य तथा पोषण सुरक्षा वृद्धि परियोजनाका लागि खर्च गरिनेछ। परियोजनाले १६ गाउँपालिकाका ५५ हजार किसान लाभान्वित हुनेछन्।

कृषिको उत्पादकत्व र पोषण अभ्यास सुधारका लागि यो परियोजनाले सहयोग गर्नेछ। खाद्य र पोषण सुरक्षाले नेपालको गरिबी घटाउने राष्ट्रिय लक्ष्यमा समेत सहयोग गर्नेछ विश्व बैंकको माल्दिभ्स, नेपाल र श्रीलंका देशीय प्रमुख फारिस हजाद जर्भोसले बताए। यसबाट दिगो विकासअन्तर्गत जिरो हंगरको लक्ष्य कार्यान्वयनमा समेत सहयोग पुग्ने उनले बताए।

एसियाली विकास बैंकले सवा १३ अर्ब सहुलियत ऋण दिने

एसियाली विकास बैंक (एडिबी)ले नेपाललाई सवा १३ अर्ब रुपैयाँबराबरको सहुलियतपूर्ण कर्जा दिने भएको छ। नेपालको वित्तीय व्यवस्थापन तथा विकेन्द्रीकरणमा सहयोग गर्न एडिबीले १० करोड अमेरिकी डलर (१३ अर्ब २६ करोड) सहुलियतपूर्ण कर्जा दिने भएको हो।

उक्त ऋण सार्वजनिक वित्तीय व्यवस्थापन मजबुद बनाउन, सेवा प्रवाह विकास, संरचनागत वित्तीय हस्तान्तरण, खर्च र ऋण व्यवस्थापनलगायतमा खर्च गरिनेछ।

एडिबीको यो सहयोग कार्यक्रमले पुँजीगत खर्चलाई प्रभावकारी, परिणामुखी, सार्वजनिक संस्थाहरूको सुधार, वित्तीय जोखिम घटाउन, वित्तीय पारदर्शिता र प्रभावकारिता बढाउन प्रविधीकरण गर्न प्रयोग हुने एडिबीका सार्वजनिक व्यवस्थापन अर्थशास्त्री चन्दन सापकोटाले बताए।

कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०६/०६ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, व्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मितिभित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालो सुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ।

ऋणीको विवरण



सिंह बहादुर थापाको नाती, डम्बर बहादुर थापाको छोरा, स्थायी ठेगाना गण्डकी अञ्चल, लमजुङ जिल्ला, बेसीसहर वडा नं. ५ भई हाल बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गोदावरी न.पा. वडा नं. ५ बस्ने वर्ष ५५ को **कृष्ण बहादुर थापा** (ना.प्र.नं. १८१ जारी मिति २०४३/०२/१८ जि.प्र.का. लमजुङ)

धन जमानीकर्ताहरूको विवरण



हिरा काजी श्रेष्ठको बुहारी, कृष्ण बहादुर थापाको पत्नी, स्थायी ठेगाना बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४६ को **उमा थापा** (ना.प्र.नं. २८-०१-०६७-०६८२७ जारी मिति २०६७/१०/१७ जि.प्र.का. ललितपुर



डम्बर बहादुर थापाको नाती, कृष्ण बहादुर थापाको छोरा, स्थायी ठेगाना गण्डकी अञ्चल, लमजुङ जिल्ला, बेसीसहर वडा नं. ५ भई हाल बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गोदावरी न.पा. वडा नं. ५ बस्ने वर्ष २९ को **सुरज थापा** (ना.प्र.नं. ४५१०१२/१५६२३ जारी मिति २०६७/०५/१७ जि.प्र.का. लमजुङ

धितो सवारी साधनको विवरण :

सवारी साधनको नाम	: महेन्दा एण्ड महेन्द्रा	इन्जिन नम्बर	: 84G-13423
सवारी साधनको नम्बर	: बा. २ ख ४१९७	सवारी साधनको रंग	: सेतो, कालो, पहेलो, हरियो, निलो, रातो
च्यासिस नम्बर	: 83G13840	बनेको साल	: २००८

CASH क्यास सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

नबिल बैंक लिमिटेड, अर्नामा शाखा, सिराहा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०६/०७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७६/०४/२४ मा प्रा.फ. नं. ९९८३/०७६/७७ अन्तर्गत दर्ता भएको **श्री गणपति कुटान पिसान।**

ठेगानाः सिरहा जिल्ला, अर्नामा गा.पा. वडा नं. ५, सिरहा।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

सचिदानन्द कुमार यादवकी छोरी, दुखी यादवकी बुहारी, राम कुमार यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १५१०५९/१५५२३ (जारी मितिः २०६६/०४/२०, स्थान सिराहा) भएकी **श्रीमती रमिता कुमारी यादव।**

ऋणीको व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३२०० (जारी मितिः २०६०/४/१४, स्थान सिरहा) भएका **श्री शिव कुमार यादव।**
२. गुली यादवको नाति, जनक यादवको छोरा, सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०२ (जारी मितिः २०३५/९/११, स्थान सिरहा) भएका **श्री दुखी यादव।**
३. खटर यादवकी छोरी, जनक यादवकी बुहारी, दुखी यादवकी श्रीमती, सिरहा जिल्ला (सन्हैठा) गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०३ (जारी मितिः २०३५/०९/११, स्थान सिराहा) भएकी **श्रीमती आरती यादवनी।**
४. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ५९०/७ (जारी मितिः २०४६/१२/१८ स्थान सिरहा) भएका **श्री महेश्वर यादव।**
५. मङ्गल यादवकी छोरी, दुखी यादवकी बुहारी, महेश्वर यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३६२७ (जारी मितिः २०६२/०६/१०, स्थान सिरहा) भएकी **श्रीमती दोलास देवी यादव।**
६. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६०५/१३६७१ (जारी मितिः २०५६/१२/९ स्थान सिरहा) भएका **श्री राम कुमार यादव।**

२ **ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग लहान, सिरहामा मिति २०६९/०५/२६ मा प्रा.फ.नं. २५४८/२०६९/०७०, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री गणेश वस्त्रालय।**

ठेगानाः सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १, सिरहा।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३२०० (जारी मितिः २०६०/४/१४, स्थान सिरहा) भएका **श्री शिव कुमार यादव।**

ऋणीको व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. सचिदानन्द कुमार यादवकी छोरी, दुखी यादवकी बुहारी, राम कुमार यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १५१०५९/१५५२३ (जारी मितिः २०६६/०४/२०, स्थान सिराहा) भएकी **श्रीमती रमिता कुमारी यादव।**
२. गुली यादवको नाति, जनक यादवको छोरा, सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०२ (जारी मितिः २०३५/९/११, स्थान सिरहा) भएका **श्री दुखी यादव।**
३. खटर यादवकी छोरी, जनक यादवकी बुहारी, दुखी यादवकी श्रीमती, सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०३ (जारी मितिः २०३५/०९/११, स्थान सिराहा) भएकी **श्रीमती आरती यादवनी।**
४. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ५९०/७ (जारी मितिः २०४६/१२/१८ स्थान सिरहा) भएका **श्री महेश्वर यादव।**
५. मङ्गल यादवकी छोरी, दुखी यादवकी बुहारी, महेश्वर यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३६२७ (जारी मितिः २०६२/०६/१०, स्थान सिरहा) भएकी **श्रीमती दोलास देवी यादव।**
६. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६०५/१३६७१ (जारी मितिः २०५६/१२/९ स्थान सिरहा) भएका **श्री राम कुमार यादव।**

३ **ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७६/०४/२० मा प्रा.फ. नं. ९८९६/०७६/७७ अन्तर्गत दर्ता भएको **श्री आरती पशु पालन तथा कृषि केन्द्र।**

ठेगानाः सिरहा जिल्ला, अर्नामा गा.पा. वडा नं. ५, सिरहा।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

सचिदानन्द कुमार यादवकी छोरी, दुखी यादवकी बुहारी, राम कुमार यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १५१०५९/१५५२३ (जारी मितिः २०६६/०४/२०, स्थान सिराहा) भएकी **श्रीमती रमिता कुमारी यादव।**

ऋणीको व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३२०० (जारी मितिः २०६०/४/१४, स्थान सिरहा) भएका **श्री शिव कुमार यादव।**
२. गुली यादवको नाति, जनक यादवको छोरा, सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०२ (जारी मितिः २०३५/९/११, स्थान सिरहा) भएका **श्री दुखी यादव।**
३. खटर यादवकी छोरी, जनक यादवकी बुहारी, दुखी यादवकी श्रीमती, सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३१९०३ (जारी मितिः २०३५/०९/११, स्थान सिराहा) भएकी **श्रीमती आरती यादवनी।**
४. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ५९०/७ (जारी मितिः २०४६/१२/१८ स्थान सिरहा) भएका **श्री महेश्वर यादव।**
५. मङ्गल यादवकी छोरी, दुखी यादवकी बुहारी, महेश्वर यादवकी श्रीमती, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ८२०३३६२७ (जारी मितिः २०६२/०६/१०, स्थान सिराहा) भएकी **श्रीमती दोलास देवी यादव।**
६. जनक यादवको नाति, दुखी यादवको छोरा, सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६०५/१३६७१ (जारी मितिः २०५६/१२/९ स्थान सिरहा) भएका **श्री राम कुमार यादव।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. सिरहा जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, **श्री शिव कुमार यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ४क मा अवस्थित कि.नं. ४९४ क्षेत्रफल ०-१-६ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. सिरहा जिल्ला, सन्हठा गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ बस्ने, **श्री दुखी यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं. ४ सिट नं. ४ग मा अवस्थित कि.नं. क्रमशः ३०२०, ३०२५, १०७, ११४, ३०२७ र १०८ क्षेत्रफल क्रमशः ०-०-१७-०, ०-१-१०-८, ०-१-१३-०, ०-३-१-८, ०-०-१७-८ र ०-३-११-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

१९औँ हाङ्झाउ एसियाड आजदेखि

४५ राष्ट्रका १२ हजार पाँच सय खेलाडी एकै मञ्चमा



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

चीनले तेस्रोपटक एसियन खेलकुद प्रतियोगिता (एसियाड) आयोजना गर्न धेरै प्रतीक्षा र कठिन परिस्थितिको सामना गर्नुपरेको थियो । सन् २०१८ मा जाकार्ताबाट १९औँ एसियाडको आयोजनाको झन्डा बोकेर आउँदा चीनले सहजै प्रतियोगिता गर्ने अपेक्षा राखेको थियो । जाकार्तामै हाङ्झाउ सहरमा हुने एसियाड अहिलेसम्मकै भव्य हुने दाबी गरेको थियो । आधुनिक सहरका रूपमा विकास गरेको हाङ्झाउमा थप नयाँ विश्वस्तरीय रंगशाला, बुलेट ट्रेन र गगनचुम्बी भवनको विकाससँगै चीनले सहभागी ४५ राष्ट्रका खेलाडी, प्रशिक्षक, अफिसियल र उच्चस्तरीय सरकारी पदाधिकारीलाई दंग बनाउने योजना बनाएको थियो ।

यसैबीच वुहानबाट सुरु भएको प्राणघातक कोभिड-१९ ले चीनको सुरुवाती योजना बिगार्ने काम गऱ्यो । कोभिड महामारीकै कारणले हाङ्झाउमा जुन कल्पना चीनले गरेको थियो, त्यो शतप्रतिशत पूरा गर्न नसकेको स्थानीय समाचार एजेन्सीहरूले उल्लेख गरेका छन् । कोभिड-१९ का कारण अन्य विकसित एसियन राष्ट्रहरूले १९औँ संस्करणको आयोजना दाबीसमेत नगरेको होइन । चीनले जसरी पनि एसियाड हाङ्झाउमै गर्ने तत्परता देखाइरह्यो । यसका लागि कोभिड-१९ लाई निर्मूल पार्ने प्रयास भयो ।

गत वर्ष यसै समयमा १९औँ एसियाड भइसक्नुपर्ने थियो । आयोजक चीनले कोभिड महामारीबाट आफू आश्वस्त नभएका कारण प्रतियोगितालाई एक वर्षपछि सार्‍यो । ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले हाङ्झाउलाई एक वर्षको थप समय दियो । चीनको यही लगातार पाँच वर्षको मिहिनेतपछि शनिबारदेखि हाङ्झाउमा एसियाड सुरु हुँदै छ । यद्यपि, चीनले तेस्रोपटकको एसियाड आयोजना गर्न अनुमानित बजेटभन्दा बढी खर्च गर्नुपरेको छ । शनिबार मुख्य रंगशालामा ४५ राष्ट्रका खेलाडी, अफिसियल र पदाधिकारीले चीनको तयारी नजिकबाट अवलोकन र अनुभव गर्ने अवसर पाउनेछन् ।

चीनले पाहुनालाई मख्ख बनाउन कुनै कसर बाँकी राख्नेछैन । यसपटक करिब १२ हजारभन्दा बढी खेलाडीले भाग लिने अनुमान ओसिएले गरेको छ । रमाइलो पक्ष के छ भने अर्को वर्ष फ्रान्सको पेरिसमा आयोजना हुने ओलम्पिक खेलकुदमा भन्दा बढी खेलाडी हाङ्झाउमा हुनेछन् । १८औँ संस्करणमा ११ हजार तीन सय खेलाडीले भाग लिएका थिए । सन् २०२० मा जापानको टोकियोमा भएको ओलम्पिकमा दुई सय ६ राष्ट्रबाट समग्रमा ११ हजार चार सय २० खेलाडी उपस्थित भए । अन्तर्राष्ट्रिय ओलम्पिक काउन्सिल (आइओसी) ले पेरिसमा धेरैमा १० हजार पाँच सय खेलाडी हुने जनाएको छ । हाङ्झाउ एसियाडमा चीन, थाइल्यान्ड, जापान, दक्षिण कोरिया, भारत र हङकङ धेरै खेलाडी पठाउने राष्ट्रमा पर्छन् ।

परम्परागत खेललाई प्राथमिकता

यसपटक खेलाडी तथा दर्शकले फरक-फरक खेलका अनुभव लिन पाउनेछन् । सन् २०२८ को लस एन्जलेस तथा २०३२ को अस्ट्रेलियाको ब्रिसबनमा हुने ओलम्पिकमा क्रिकेट खेल समावेश गरिएको छ । चीनले यसै एसियाडमा टी-२० फर्म्याटमा क्रिकेट खेल राखेको छ । आयोजक राष्ट्र क्रिकेटमा त्यति बलियो नभए पनि क्रिकेटको खेलको रोमाञ्चक प्राप्त गर्न सकिने जनाएको छ । एसियाका क्षेत्रीय रूपमा प्रचलित खेलहरू यसपटक देख्न पाइनेछ । चीनको बलियो मानिएको मार्सल आर्टस्का खेलहरू राखिएका छन् । यसैगरी, दक्षिण भारतको चर्चित खेल कब्बडीको छुट्टै मज्जा आउनेछ । मध्यपूर्वी एसियामा औधी मन पराइएको खेल कुराँस र कुस्तीसमेत हाङ्झाउमा छन् । स्वयं चीनले पनि चेसलाई थप कोटामा राखेको छ । चीनले अर्को वर्ष पेरिस ओलम्पिक खेलको मध्यनजर राखी आफूलाई ती खेलहरूमा केही इभेन्ट्स थप गरी कोटा समावेश गरेको हो ।

आर्चरी, आर्टिस स्विमिङ, बक्सिङ, ब्रेकिङ, हक्की, मोर्डन पेन्थालोन, सेलिङ, टेनिस र वार पुलजस्ता खेलका इभेन्ट्स बढेका छन् । आयोजकले थप गरेका इभेन्ट्स पेरिसमा रहन पनि, नरहन पनि सक्छन् । समग्रमा ४५ राष्ट्रका खेलाडीले विभिन्न चार सय ८१ इभेन्ट्समा आफूलाई अब्बल बनाउने प्रयास गर्नेछन् । अहिले नै एसियाडमा पुगेकाहरूले हाङ्झाउको तयारी ठयाक्कै सन् २००८ को बेइजिङ ओलम्पिकजस्तै भएको मानेका छन् ।

छिमेकीलाई नजिक ल्याउने अवसर

खेलकुदको राम्रो पक्ष नै राजनीतिक सम्बन्ध बिग्रिएका देशलाई एकै मञ्चमा ल्याउने हो । अबको दुई सातामा एसियाडमा यस्तै दृश्य हेर्न पाइनेछ । भारत-पाकिस्तान, उत्तर कोरिया-दक्षिण कोरिया, चीन-ताइनिज ताइपेयी, साउदी अरेबिया-कतार र इरान-इजरायलजस्ता अन्य देशहरूका खेलाडी एकै मञ्चमा प्रतिस्पर्धा गर्नेछन् । खेलकुदका माध्यमबाट ती राष्ट्रका खेलाडीले एक-आपसमा भाइचारा बढाउने प्रयास गर्नेछन् ।

यसपटक उत्तर र दक्षिण कोरियाबीच खेलाडीमा हुने घमासान प्रतिस्पर्धा पनि एक हुन सक्छ । ताइवान र चीनले एक-आपसमा हेर्ने नजर अलि फरक छ । ताइवानको स्वशासित टापु चीनको हातमा हुनेछ । प्रजातन्त्रलाई एक टुक्रिएको प्रान्तका रूपमा दाबी गर्छ । चीन गणतन्त्र भनेर चिनिने, यो टापु आधिकारिक रूपमा ओलम्पिक र एसियाली खेलहरूमा चाइनिज ताइपेईको रूपमा सूचीबद्ध छ । ओलम्पिक घन्टीहरूले सजिएको सेतो झन्डामुनि मार्च गर्नेछन् । एसियाडमा रातो, निलो र सेतो झन्डालाई अनुमति छैन ।

पदकमै चीनको प्रभुत्व हुन सक्ने

पछिल्ला ४० वर्षदेखि चीनले पदकतालिकामा आफ्नो प्रभुत्व जमाइरहेको छ । कुनै समय यस्तो पनि थियो, चीन एसियाडमा चम्कनुअघिसम्म जापानलाई पदकतालिकाको शीर्ष स्थानमा छुने धेरै परको कुरो हुन्थ्यो । जब चीनले पदकतालिकामा शीर्ष स्थानमाथि कब्जा जमायो, त्यसयता कहिल्यै पनि दोस्रो स्थानमा झर्नुपरेको छैन । यसपटक झन् घरमै आयोजना हुने प्रतियोगितामा चीनको सान थप नहुने कुरै भएन । चीनले फेरि डाइभिङमा प्रभुत्व जमाउनेछ । दुई महिनाअघि जापानको फुकुओकामा भएको विश्व च्याम्पियनसिपबाट ताजा भएका चीनका धेरै शीर्ष पौडी खेलाडी चम्किनेछन् ।

बेल्जियमको एन्टवर्पमा भएको विश्व च्याम्पियनसिप एसियाली खेलकुदसँग भिड्दा जिम्न्यास्टिकको क्षेत्र कमजोर बन्दै गएको छ । एसियाली खेलकुदमा सबैभन्दा ठूलो विजेता दक्षिण कोरियाको स्पोर्टस् स्टार ली साङ-ह्योक हुन सक्छन् । जसलाई 'फेकर' पनि भनिन्छ । यदि उनले स्वर्ण जिते भने उनलाई सैन्य सेवाबाट छुट दिइनेछ ।

७२ वर्षको इतिहासमा नेपाललाई दुई रजत र २३ कांस्य

एसियाडमा सहभागी राष्ट्रको इतिहास पल्टाउने हो भने नेपाल पनि पुरानैमा पर्छ । सन् १९५१ मा नयाँदिल्लीबाट सुरु भएको एसियाडदेखि निरन्तर रूपमा नेपालको उपस्थिति रहेको छ । पहिलो सहभागीमा नेपालले एथ्लेटिक्स खेलमा मात्र खेलाडी पठाएको थियो । त्यसयता नेपालले एसियाली खेलकुदको हरेक संस्करणमा सहभागिता जनाउँदै आएको छ । ३५ वर्षपछि मात्र नेपालले एसियाडमा पदकको खाता खोल्यो । नेपालले सन् १९८६ मा दक्षिण कोरियाको सोलमा आयोजित १०औँ संस्करणमा पहिलोपटक पदक जितेको थियो, त्यो पनि एउटा नभएर आठवटा पदक जितेको थियो । बक्सिङ र तेक्वान्दोका खेलाडीले नेपाललाई पदक दिलाएका थिए ।



तेक्वान्दोका विधान लामा, राजकुमार राई, राजकुमार वुचे र रामबहादुर घर्ती क्षेत्रीले कांस्य पदक जितेका थिए । बक्सिङतर्फ भने दलबहादुर रानामगर, तुलबहादुर थापा, मनोजबहादुर श्रेष्ठ र सुशील पोखरेलले कांस्य पदक हात पारे ।

७२ वर्ष लामो इतिहासमा नेपाल रजतभन्दा माथि उक्लन सकेको छैन । अहिलेसम्म नेपालकले दुई रजत मात्र जितेको छ । यही नै एसियाली खेलकुदको इतिहासमा नेपालको सबैभन्दा ठूलो उपलब्धिका रूपमा रहेको छ । सन् १९९८ मा थाइल्यान्डको बैंककमा सम्पन्न १३औँ एसियाली खेलकुदमा तेक्वान्दो खेलाडी सविता राजभण्डारीले पहिलोपटक नेपालका लागि रजत पदक जितेकी थिइन् । त्यसपछि सन् २०१८ मा इन्डोनेसियाको जाकार्तामा भएको १८औँ एसियाली खेलकुदमा नेपालको प्याराग्लाइडिङ टोलीले रजत पदक जितेको थियो ।

रजत पदक जित्ने नेपाली प्याराग्लाइडिङ टोलीमा विमल अधिकारी, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल थापा सहभागी थिए । समग्रमा नेपालले हालसम्म एसियाली खेलकुदमा दुई रजत र २३ कांस्य गरी २५ वटा पदक मात्र जित्न सकेको छ । नेपालले तेक्वान्दोमा एक रजत र १४ कांस्य जितेको छ । एसियाडमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलमा तेक्वान्दो सर्वाधिक सफल खेल हो । प्याराग्लाइडिङमा एक रजत हात पारेको छ । बक्सिङमा ६ कांस्य र कराँतेका तीन खेलाडीले कांस्य जितेका छन् । खेलाडीका रूपमा तेक्वान्दोका दीपक विष्ट सर्वाधिक सफल खेलाडी हुन् । उनले सन् २००२ को बुसान र सन् २००६ को दोहा एसियाडमा लगातार कांस्य हात पारेका थिए । यसपटक नेपालले बक्सिङ, उसु, तेक्वान्दो, कराँते र इ-स्पोर्टस्मा पदकको आशा गरेको छ ।

क्यानको निर्वाचन आज

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)को नयाँ नेतृत्वका लागि शनिबार निर्वाचन हुँदै छ । अध्यक्षमा चतुरबहादुर चन्द र बर्दियाका विनयराज भण्डारीले उम्मेदवारी दिएका छन् । जिल्ला, प्रदेश तथा केन्द्रबाट आएका ८६ सदस्यहरूले निर्वाचनमा मतदान गर्नेछन् । साधारणसभामा सहभागी सदस्यहरू आगामी चार वर्षका लागि क्यानको नयाँ कार्यसमितिलाई सर्वसम्मत बनाउने प्रयासमा लागेका छन् ।

क्यानको साधारणसभाले नयाँ कार्यसमितीको आधार बढाउने निर्णय गरेको छ । अब क्यानको कार्यसमितिको सदस्य संख्या १९ हुनेछ । यसअघि १७ सदस्यीय केन्द्रीय सदस्य थिए । क्यानमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मात्रै रहने व्यवस्था थियो । पछिल्ला वर्षमा पदाधिकारी कम भएपछि क्यानभित्र निकै चर्चा भयो । सचिवले राजीनामा दिएपछि कार्यभार सम्हाल्ने पदाधिकारी नै रहेनन् ।

यसैबीच राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले वरिष्ठ उपाध्यक्ष र सहसचिव पद थप गर्न स्वीकृत गरेको छ । पदाधिकारीमा कम्तीमा सर्वसम्मत गर्न सबै इच्छुक देखिएका छन् । वरिष्ठ उपाध्यमा काठमाडौं जिल्ला संघका अध्यक्ष दिवाकर घले सर्वसम्मत हुने पक्का छ । उपाध्यक्षमा वर्तमान कोषाध्यक्ष सिंह र सचिवमा



पूर्वकप्तान तथा बागमती प्रदेश क्रिकेट संघका अध्यक्ष पारस खड्का चयन हुन सक्छन् ।

अध्यक्ष चन्दले आफू पारसको पक्षमा रहेको बताएका छन् । 'मेरो चाहना नै पारस हुन् । उनलाई साथ दिन्छु,' चन्दले नयाँ पत्रिकासँग भने । कोषाध्यक्षमा कर्णालीका अध्यक्ष पदम खड्का रहनेछन् । सहसचिवमा दुर्गाराज पाठक या प्रशान्तविक्रम मल्ललाई सर्वसम्मत गर्ने प्रयास गरिएको छ ।

मल्ल सचिवमा खड्कासँग प्रतिस्पर्धा गर्ने स्थितिमा पुगेका छन् । चन्दले खड्कालाई साथ दिएको अवस्थामा मल्ललाई गाह्रो पर्न सक्छ । सदस्य पदका लागि धेरै जिल्लाबाट आकांक्षी रहेकाले निर्वाचन हुने देखिएको छ ।

झापाको मताधिकारी खोसियो

दुई प्रतिनिधि आएपछि शुक्रबारको साधारणसभाले झापा जिल्लाको मताधिकार नै खारेज गरिदिएको छ । क्यानले जिल्लामा रहेको विवादका कारण झापाको मताधिकार खारेज गरेको हो । क्यानको विधानअनुसार एक जिल्लाबाट एक प्रतिनिधि मात्र निर्वाचनमा सहभागी हुन्छन् । झापाबाट प्रशिक्षक मनोज कटुवाल र पूर्वखेलाडी लाक्पा लामा साधारणसभामा आएका थिए । बन्दसत्रबाट प्रहरीले लाक्पालाई अध्यक्ष चन्दको निर्देशनसँगै निकालेको थियो ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल, ललितपुर

सटर कवलहरु बहाल (भाडा) मा लगाउने सम्बन्धी ई- विडिङ सिलबन्दी बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति -२०८०।०६।०६

यस अस्पतालका सटर कवलहरु एकमुष्ठ बहाल (भाडा) मा लगाउने सम्बन्धी मिति २०८०।०५।१४ गते नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पेश हुन आएका ई- विडिङ सिलबन्दी बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मको बोलपत्र मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

क्र.सं.	फर्मको नाम	ठेगाना	बार्षिक बहाल (भाडा) कबोल रकम रु.
१	न्यू प्रिसियस फेसन वेयर	ललितपुर महानगरपालिका - १२ ललितपुर	२२७७३२४०।—(दुई करोड सत्ताईस लाख त्रिहत्तर हजार दुई सय चालिस मात्र)

नेपाल, पाकिस्तान र न्युजिल्यान्ड एकै समूहमा

नयाँ पत्रिका

अर्को वर्ष श्रीलंकामा हुने आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल समूह 'डी'मा परेको छ । २०२४ को जनवरीमा हुने यू-१९ विश्वकपमा नेपालले न्युजिल्यान्ड र पाकिस्तानजस्ता टेस्ट राष्ट्रविरुद्ध खेल्नेछ । नेपालको समूहमा अफगानिस्तानसमेत रहेको छ । नेपालले आइसिसी यू-१९ विश्वकप एसिया क्षेत्र छनोटमा युएईलाई सात रनले हराउँदै विश्वकपमा स्थान बनाएको थियो । नेपालका लागि फाइनलमा स्पिनर दीपेश कँडेलले ह्याट्रिक लिएका थिए । सन् २०१६ पछि नेपाललाई विश्वकपमा स्थान रक्षा गराउन कँडेलको भूमिका महत्त्वपूर्ण रह्यो ।

समूह 'ए'मा भारत, बंगलादेश, आयरल्यान्ड र अमेरिका छन् । समूह 'बी'मा इंग्ल्यान्ड, दक्षिण अफ्रिका, वेस्टइन्डिज र स्कटल्यान्ड छन् । समूह 'सी'मा अस्ट्रेलियाले आयोजक श्रीलंका, जिम्बाबे र नामिबियाको सामना गर्नेछ । नेपालले १३ जनवरीमा न्युजिल्यान्डसँग खेल्नेछ । नेपालले १७ जनवरीमा पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गर्नेछ । २० जनवरीमा नेपालको भेट अफगानिस्तानसँग हुनेछ ।

हरेक समूहका शीर्ष तीन टोली अर्को चरणमा पुग्नेछन् । अर्को समूहबाट आउने तीन टोलीसँग खेल्नेछन् । शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । हरेक समूहका पुछारका टोलीले १२ देखि १६ स्थानका लागि प्ले अफ खेल्नुपर्ने हुन्छ । क्षेत्रिय छनोटबाट नेपाल, अमेरिका, स्कटल्यान्ड, न्युजिल्यान्ड र नामिबियाले विश्वकपमा स्थान बनाएका थिए ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com